# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १८० | काठमाडौं | बुधबार, ११ कात्तिक २०८३ | Prabhab National Daily | Wednesday, 28 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# देउवा समूहको अधिवेशनले लिन सकेन गति

## २१ जिल्लामा अधिवेशन सकिएको दाबी

■ प्रभाव संवाददाता



**काठमाडौं–** आधिकारिता दाबी गर्दै नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहले १५औं महाधिवेशनको समानान्तर गतिविधि अघि बढाएको छ । संस्थापन समूहले महाधिवेशन सुरु गर्नुअघि निकै तामझाम गरे पनि अहिले भने देउवा समूहको महाधिवेशन गतिविधिले गति लिन सकेको छैन ।

देउवा समूहका निर्वाचन समितिका संयोजक एगराज पोखरेलले भने मंगलबार साँझसम्म देशभर २१ जिल्लाको अधिवेशन सम्पन्न भइसकेको दाबी गरे । '२१ जिल्लाको अधिवेशन सम्पन्न भएको छ । अरुमा पनि धमाधम जिल्ला अधिवेशन सुरु हुँदै छ,' संयोजक पोखरेलले प्रभावसँग भने ।

देउवा समूहको कार्यतालिकामा आइतबार अर्थात् कात्तिक १५ गते देशभर जिल्ला अधिवेशन तोकेको छ । क्षेत्रीय अधिवेशन भने दसैंअघि नै असोज २३ गतेसम्म गर्ने भनिएको थियो । यद्यपि कतिपय स्थानमा वडा अधिवेशनसमेत हुन सकेको छैन। यी स्थानमा आइतबारसम्ममा अधिवेशन सक्ने संयोजक पोखरेल बताउँछन् । 'आइतबार जिल्ला अधिवेशन हो । आइतबार साँझ हामी रिलिज पनि जारी गर्छौं । उक्त दिन नसके १७ गतेसम्म जान सक्छ,' पोखरेलले भने । देउवा समूहमा कार्यकर्ताको आकर्षण नदेखिँदा नेतृत्व चयन गुपचुप र निर्विरोध भइरहेको देखिएको नेताहरू बताउँछन् ।

- २१ देखि २३ मंसिरमा महाधिवेशन गर्ने तयारीमा रहेको देउवा पक्षले भृकुटीमण्डप बुक गर्दै
- एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका ३५ जिल्लामध्ये २१ जिल्लामा अधिवेशन सकिएको निर्वाचन समितिको दाबी

### कहाँ को भए जिल्ला सभापति ?

बैतडीको जिल्ला सभापति वीरबहादुर विष्ट चयन भएका छन् । विष्ट कांग्रेस सभापति गगन थापानिकट पात्र हुन् । संखुवासभामा रामकुमार जिसी, डोल्पामा देउप्रसाद बुढा, डोटीमा विजय खड्का जिल्ला सभापति चयन भएका छन् । हुम्लामा सूर्यबहादुर शाही, जुम्लामा नेत्रकला शाही, मुगुमा तिलकबहादुर मल्ल चयन भएका छन् । उता कालीकोटमा नरेन्द्र विष्ट जिल्ला सभापतिमा चयन भएका छन् । विष्ट नरहरिनाथ गाउँपालिककाका अध्यक्ष हुन् ।

रुकुम पश्चिममा नन्दबहादुर विष्ट चयन सभापतिमा चयन भएका छन् । मंगलबार रोल्पामा भएको अधिवेशनबाट मानबहादुर खत्री सभापतिमा सर्वसम्मत चयन भएका छन् । थप ११ सभापतिको नाम निर्वाचन समितिले सार्वजनिक गरेको छैन ।

### कहाँ-कहाँ सकियो अधिवेशन ?

देउवा समूहको निर्वाचन समितिले दिएको जानकारीअनुसार छ हजार १०७ वडा तहको अधिवेशन सकिएको छ । ७५३ स्थानीय तहमध्ये ४८० पालिकाको अधिवेशन सम्पन्न भएको छ । १७० प्रदेशसभा निर्वाचन क्षेत्र र ८५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रको पनि अधिवेशन सम्पन्न भएको छ ।

क्रमशः पृष्ठ २ मा


NPL
NEPAL PREMIER LEAGUE

मंगलबारको नतिजा

BIRATNAGAR KINGS १४९/१० (१९.३) — चितवन राइनोज ८ रनले विजयी — CHITWAN RHINOS १५७/३ (२०)

KARNALI YAKS १३२/९ (२०) — कर्णाली याक्स १९ रनले विजयी — BOLTS ११३/१० (१९.३)

आजको खेल

AVENGERS — अपराह्न ४:३० बजे — SUDURPASCHIM ROYALS


श्रमिकको स्वास्थ्य परीक्षणमा ठगी

# सात लाख ५१ हजार श्रमिक ठगिए

# एक अर्ब ६९ करोड पुग्यो मलेसिया

- ठगिएका नेपाली श्रमिक सात लाख ५० हजार ९८८ जना
- श्रमिकबाट उठाइएको एक अर्ब ६९ लाख २४ हजार रुपैयाँ मलेसिया पुग्यो
- स्वास्थ्य परीक्षणमा अतिरिक्त शुल्क असुलेर ठगी
- ठगी प्रकरणमा कैलाश खड्का, रवीन्द्र केसी, प्रवीण तिवारी र रामपुकार तिवारी पक्राउ
- ३६ स्वास्थ्य संस्था अनुसन्धानको दायरामा
- छानबिन प्रतिवेदन मन्त्रालयबाटै गायब
- ठगीमा संगठित सञ्जालको आशंका
- कामदारले पाएनन् स्वास्थ्य खर्च फिर्ता
- ठगी र संगठित अपराधमा सिआइबीको अनुसन्धान




*एआईको सहयोगमा तयार पारिएको प्रतीकात्मक तस्बिर*

■ जेबी योञ्जन

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि मलेसिया जाने नेपाली कामदार स्वास्थ्य परीक्षणको नाममा ठूलो रकम ठगीमा परेको खुलेको छ । स्वास्थ्य परीक्षणका लागि सरकारले तोकेको शुल्कभन्दा बढी रकम असुल्दै सात लाख ५० हजार ९८८ जना नेपाली श्रमिक ठगिएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को प्रारम्भिक अनुसन्धानबाट खुलेको हो ।

स्वास्थ्य परीक्षणका नाममा वर्षौंदेखि चल्दै आएको ठगीमा अहिलेसम्म एक अर्ब ६९ करोड दुई लाख २४ हजार रूपैयाँ विदेश पुऱ्याइएको अनुसन्धानबाट देखिएको सिआइबीका प्रवक्ता अनुपशमशेर जबराले बताए । उनका अनुसार उक्त रकम मलेसियास्थित कम्पनीको खातामा १७ पटक टेलिग्राफिक ट्रान्सफर (टिटी)मार्फत पठाइएको पाइएको छ ।

सिआइबीले यस प्रकरणमा चार जनालाई पक्राउ गरेर ठगी र संगठित अपराधको कसुरमा अनुसन्धान गरिरहेको छ । पक्राउ पर्नेमा काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-१ का ४२ वर्षीय कैलाश खड्का, भक्तपुरको चाँगुनारायण नगरपालिका-९ का ४० वर्षीय रवीन्द्र केसी, गोरखा नगरपालिका-३ का ४२ वर्षीय प्रवीण तिवारी र सर्लाहीको मलंगवा नगरपालिका-४ का ४५ वर्षीय रामपुकार तिवारी रहेका छन् । पक्राउ परेका खड्का नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष हुन् । तोकिएको शुल्कभन्दा बढी रकम लिएको उजुरीका आधारमा पक्राउ गरेर अनुसन्धान अघि बढाइएको प्रवक्ता जबराको भनाइ छ । 'लिनुपर्ने शुल्क जति हो, त्यो भन्दा बढी रकम लिएर ठगी भएको उजुरी परेको थियो । उजुरीका आधारमा अनुसन्धान गर्दै जाँदा चार जना पक्राउ परेका हुन्,' उनले प्रभावसँग भने, 'अहिले उनीहरूमाथि अनुसन्धान थालेका छौं ।'



लिनुपर्ने शुल्क जति हो, त्योभन्दा बढी रकम लिएर ठगी भएको उजुरी परेको थियो । उजुरीका आधारमा अनुसन्धान गर्दै जाँदा चार जना पक्राउ परेका हुन् । अहिले उनीहरूमाथि अनुसन्धान थालेका छौं ।

**■ अनुपशमशेर जबरा**
प्रवक्ता, सिआइबी

नेपाल राष्ट्र बैंकको स्वीकृतिपछि लक्ष्मी सनराइज बैंकको खाताबाट मलेसियास्थित बेस्टिनेटको मेलायन बैंकिङ बर्हाडमा रकम पठाइएको थियो । सिआइबीका अनुसार पहिलोपटक २७ फेब्रुअरी २०२० मा १० करोड ४० लाख रूपैयाँ मलेसिया पठाइएको देखिएको छ । सबैभन्दा ठूलो रकम २६ डिसेम्बर २०२२ मा एकैपटक २८ करोड ३० लाख रूपैयाँ पठाइएको अनुसन्धानबाट खुलेको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

मलेसिया रोजगारीमा 'सिण्डिकेट' प्रकरण

# एफडब्ल्युसिएमएस कार्यान्वयन रोक्न कूटनीतिक पहलसँगै २५ संस्थाविरूद्धको कारबाही तीव्र

- अनुसन्धान अधिकृत तोकेर २५ मुख्य एजेन्सीमाथिको अनुसन्धानलाई तीव्रता दिँदै विभाग
- श्रम मन्त्रालयद्वारा मलेसियालाई परराष्ट्र मन्त्रालयमार्फत संयुक्त कार्यदलको बैठक प्रस्ताव







■ ममता थापा

**काठमाडौं–** सरकारले मलेसियाको रोजगारीमा एकाधिकार (सिण्डिकेट) रोक्न कूटनीतिक पहलसँगै एकाधिकार भित्र्याउने कार्यमा संलग्न व्यवसायीहरूविरुद्धको कारबाहीलाई तीव्र पारेको छ । मलेसियाले श्रमिक भर्तीका लागि लागू गर्न लागेको विदेशी श्रमिकको एकीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस)मा सूचीकृत मुख्य २५ संस्थाकेन्द्रित वैदेशिक रोजगार विभागले अनुसन्धान तीव्र पारेको हो ।

हाल विभागले एक जना अनुसन्धान अधिकृत तोकेर २५ एजेन्सीमाथि अनुसन्धान गरिरहेको विभागका महानिर्देशक नवराज ढकालले बताए । उनका अनुसार विभागले गर्दै आएको अनुगमनलाई समेत मंगलवारदेखि विस्तृत बनाइएको छ ।

'हामीले अलि अगाडिदेखि नै २५ संस्थामाथि छानबिन सुरु गरेको अवस्था हो । मंगलबार पाँच-सात वटाभन्दा बढी टोलीमार्फत अनुगमन गरियो,' ढकालले भने, 'हामीले अनुसन्धान अधिकृत नियुक्त गरेर वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१ को व्यवस्थाबमोजिम कारबाही अघि बढाएका हौं । यो क्रममा अनुगमन गर्ने, पक्राउ पुर्जी जारी गर्नेलगायतका सबै काम भइरहेका छन् ।'

दफा ६१ को व्यवस्थाअनुसार ऐनविपरीत कुनै गतिविधि भए या त्यसको जानकारी विभागमा प्राप्त भए अनुसन्धान अघि बढाउन सक्ने व्यवस्था छ । सो प्रक्रियामा कसुरमा संलग्नलाई गिरफ्तार गर्ने, जुनसुकै स्थानको खानतलासी लिन सक्ने, सम्बन्धित कागजात नियन्त्रणमा लिनसक्ने, बयान लिनेलगायतको अधिकार विभागले तोकेको अनुसन्धान अधिकृतलाई दिइने प्रावधान छ । यदि दोषी ठहर भए इजाजतपत्र निलम्बन हुन सक्नेसम्मको प्रावधान ऐनमा रहेको छ ।

विभागले केही समयअघि २५ वटा संस्थाबाट संकलित विवरणको अध्ययन गर्दै आवश्यक परेको अवस्थामा अनुगमनसमेत गरिरहेको जनाएको छ । मलेसियाको श्रमिक भर्ना सीमित व्यवसायीको हातमा पार्न खोज्ने भनिएका प्रिन्सिपल रिक्रुटिङ एजेन्सीका सञ्चालकलाई विभागले दसैंअघि नै पक्राउ पुर्जी जारी गरिसकेको छ ।

क्रमशः पृष्ठ २ मा


## जुवातास खेल्नु र खेलाउनु कानुनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा



* पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
* दोस्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना,
* त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैंयासम्म जरिवाना,
* जुवा तास खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुने लगायतका कानुनी व्यवस्था छ ।

त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेपालले गाभीबाट आठ अर्ब ५९ करोडको खोप सहायता

**काठमाडौं (प्रस)–** नेपाललाई ग्लोबल एलाइन्स फोर भ्याक्सिन्स एण्ड इमुनाइजेसन (गाभी)ले आठ अर्ब ५९ करोड रूपैयाँ मूल्यबराबरको खोप सहायता प्रदान गर्ने भएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको नेतृत्वको पहल र सम्वादका आधारमा नेपाललाई गाभीबाट राष्ट्रिय नियमित खोप कार्यक्रमका लागि सन् २०३० सम्म आठ अर्ब ५९ करोड १९ लाख ६८ हजार रूपैयाँबराबरको सहायता प्राप्त गर्ने भएको हो ।

यसैगरी, गाभीबाट नेपालको नियमित खोप कार्यक्रमका लागि प्रदान गरिँदै आएको सहायता रकमको आर्थिक वर्ष २०१६/१७ देखि २०२१/२२ सम्मको लेखापरीक्षणका क्रममा प्रक्रियागत त्रुटि औंल्याउँदै नेपालले फिर्ता गर्नुपर्ने भनी उल्लेख गरिएको तीन लाख आठ हजार २७१ अमेरिकी डलर मिनाहा भएको छ ।

विश्वव्यापीरूपमा विकास सहायता तथा वित्तीय स्रोतमा दबाब बढिरहेको अवस्थामा सन् २०३० सम्मका लागि खोप सहायता सुनिश्चित हुनु र फिर्ता गर्नुपर्ने भनी देखाइएको रकम मिनाहा हुनु नेपालको राष्ट्रिय खोप कार्यक्रमलाई दिगो बनाउने दिशामा महत्त्वपूर्ण उपलब्धिको रूपमा लिइएको स्वास्थ्यमन्त्री निशा मेहेताको सचिवालयले जनाएको छ ।

मन्त्री मेहताको पहल तथा गाभीसँगको संवादबाट सहायता रकमसम्बन्धी विषयमा सहजीकरण र तिर्न पर्ने भनी उल्लेख भएको रकम मिनाहा प्राप्त हुनुले राष्ट्रिय खोप कार्यक्रमको वित्तीय व्यवस्थापनमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको मन्त्रालयले जनाएको छ । नेपालले राष्ट्रिय खोप कार्यक्रममार्फत बालबालिका तथा लक्षित जनसंख्यालाई विभिन्न संक्रामक रोगबाट सुरक्षित राख्दै आएको छ । नियमित खोप सेवाको निरन्तरता, पहुँच र प्रभावकारिता कायम राख्न अन्तर्राष्ट्रिय साझेदारबाट प्राप्त हुने सहयोग महत्त्वपूर्ण रहँदै आएको मन्त्रालयको भनाइ छ ।

पृष्ठ १ बाट क्रमशः

## सात लाख ५१...

अन्तिमपटक २२ मे २०२४ मा रकम पठाएको देखिन्छ । तर, विदेशमा रकम पठाउने क्रम रोकिएपछि पनि कामदारबाट अतिरिक्त शुल्क असुल्ने क्रम जारी रहेको अनुसन्धान अधिकारीहरूको भनाइ छ । सिआइबी स्रोतका अनुसार सरकारी निकायमा झूटा विवरण पेस गरेर रकम विदेश पठाइएको आशंका छ । आवश्यक कागजातको सत्यतथ्य जाँच नगरी विदेशी मुद्रा बाहिर पठाउन स्वीकृति दिइएको विषयमासमेत अनुसन्धान भइरहेको छ । मलेसिया जाने कामदारको स्वास्थ्य परीक्षणका लागि सरकारले तोकेको शुल्कको अतिरिक्त रकम असुलिएको आरोप छ । स्वास्थ्य परीक्षण शुल्क चार हजार ५०० रूपैयाँ हुँदा दुई हजार ५०० रूपैयाँ थपेर सात हजार रूपैयाँ लिने गरिएको थियो । शुल्क पाँच हजार ५०० रूपैयाँ कायम हुँदा थप तीन हजार रूपैयाँ असुल्दै आठ हजार ५०० रूपैयाँ लिइएको आरोप छ ।

त्यस्तै, स्वास्थ्य परीक्षण शुल्क छ हजार ५०० रूपैयाँ हुँदा थप तीन हजार ५०० रूपैयाँ जोडेर १० हजार रूपैयाँसम्म लिने गरिएको अनुसन्धानबाट खुलेको छ । स्वास्थ्य परीक्षण गर्ने ३६ वटा संस्थाले अनुमतिविना माइक्रो टिच प्रालिको भ्याट बिल काटेर प्रतिकामदार तीन हजार १६४ रूपैयाँ उठाउने गरेको पनि अनुसन्धान प्रतिवेदनमा उल्लेख छ । उक्त रकम माइक्रो टिचको सनराइज बैंक र मेगा बैंकका खातामा जम्मा हुने गरेको बताइएको छ ।

अनुसन्धानअनुसार सन् २०२० फेब्रुअरी १३ देखि २९ सम्म ११ हजार ८२८ जना मलेसिया जाने कामदारको स्वास्थ्य परीक्षण गरिएको थियो । त्यसबापतको रकम मलेसिया पठाउने प्रक्रियामा मलेसियाली दूतावासले १६ जुन २०२० मा नेपाल राष्ट्र बैंकको बालुवाटार कार्यालयलाई पत्राचार गरेको थियो । उक्त पत्र कूटनीतिक मर्यादाबाहिरबाट आएको हुनसक्ने सिआइबीको प्रारम्भिक निष्कर्ष छ ।

यो प्रकरणमा यसअघि श्रम मन्त्रालयका तत्कालीन सहसचिव उपेन्द्र पौडेल नेतृत्वको कार्यदलले छानबिन गरेको थियो । कार्यदलले ३६ वटा स्वास्थ्य संस्थामा छापा मारेर कागजात संकलन गरेको थियो । प्रत्येक संस्थाको छुट्टाछुट्टै प्रतिवेदन र मिसिलसमेत तयार पारिएको थियो ।

कार्यदलले ठगी, संगठित अपराध, विदेशी मुद्रा विनिमय, सम्पत्ति शुद्धीकरण र राज्यविरुद्धको कसुरमा अनुसन्धान गर्नुपर्ने सुझाव दिएको थियो । तर, प्रतिवेदन लामो समय मन्त्रालयमै थन्कियो । पछि प्रतिवेदन नै गायब भएको विषय सार्वजनिक भयो । मन्त्रालयबाट प्रतिवेदन उपलब्ध नभएपछि सिआइबीले दुईपटक पत्राचार गरेको थियो । त्यसपछि प्रतिवेदन गायब भएको विषयमासमेत शंका बढेको हो । स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूको मिलेमतोमा प्रतिवेदन गायब पारिएको हुनसक्ने आशंकामा अनुसन्धान भइरहेको सिआइबीले जनाएको छ ।

प्रधानमन्त्री कार्यालयको निर्देशनपछि सिआइबीले गत २ वैशाखदेखि यो प्रकरणमा अनुसन्धान अघि बढाएको थियो । यसपछि नेपाल र मलेसिया सरकारबीच भएको सम्झौतामा सुरक्षा जाँच र स्वास्थ्य परीक्षणबापतको रकम रोजगारदाताले कामदारलाई पहिलो महिनाको तलबसँगै फिर्ता गर्ने उल्लेख छ । तर, कामदारले रकम फिर्ता पाएको अवस्था नरहेको सिआइबीको अनुसन्धानले देखाएको छ ।

यसबीच, जेन-जी विद्रोहपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारमा श्रममन्त्री बनेका राजेन्द्रसिंह भण्डारीले ४ पुस २०८२ मा स्वास्थ्य परीक्षण शुल्क नौ हजार ५०० रूपैयाँबाट घटाएर छ हजार ५०० रूपैयाँ कायम गरेका थिए । त्यसपछि पनि बढी शुल्क लिइएको भन्दै कपिलवस्तुको शिवराज नगरपालिका-१० का २२ वर्षीय सचिन चौधरीले उजुरी दिएका थिए । सिआइबीले हाल ठगी र संगठित अपराधमा अनुसन्धान गरिरहेको छ । अनुसन्धानका क्रममा थप तथ्य खुलेमा विदेशी मुद्रा विनिमय, सम्पत्ति शुद्धीकरणलगायतका कसुरमा पनि अनुसन्धान अघि बढाउन सकिने ब्युरोले जनाएको छ ।

■ ■ ■

## देउवा समूहको...

प्रदेशगत विवरणअनुसार कोशी प्रदेशमा १३७ पालिका मध्ये ८९ पालिका, ५६ मध्ये ३४ प्रदेशसभा निर्वाचन क्षेत्र, २८ मध्ये १७ प्रतिनिधिसभा निर्वाचन क्षेत्रको अधिवेशन सम्पन्न भएको छ । त्यस्तै, मधेस प्रदेशका १३६ पालिकामध्ये ५४ पालिकामा अधिवेशन सम्पन्न भएको छ । यसबाहेक प्रदेशअन्तर्गत ६४ प्रदेशसभा निर्वाचन क्षेत्रमध्ये २६ तथा ३२ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये १३ क्षेत्रमा अधिवेशन भएको छ । त्यस्तै, ११९ पालिका रहेको बागमतीमा ५५ वटामा अधिवेशन सम्पन्न भएको छ । ६६ प्रदेशसभा निर्वाचन क्षेत्रमध्ये ४० तथा ३३ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये २० वटामा अधिवेशन भएको छ ।

उता, ८५ स्थानीय तह रहेको गण्डकी प्रदेशभित्र ३५ वटामा पालिका अधिवेशन भएको छ । प्रदेशको ३६ प्रदेशसभा निर्वाचन क्षेत्रमध्ये १३ वटामा अधिवेशन सम्पन्न भएको छ । १८ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये सात वटामा अधिवेशन सम्पन्न भएको छ । त्यस्तै, १०९ स्थानीय तह रहेको लुम्बिनी प्रदेशमा ८६ वटामा अधिवेशन सकिएको छ । ५२ प्रदेशसभा निर्वाचन क्षेत्रमध्ये २४ वटामा अधिवेशन सकिएको छ भने २६ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये १२ मा अधिवेशन सकिएको छ ।

कर्णालीका १० मध्ये चार जिल्लामा अधिवेशन सम्पन्न भएको छ । ७९ स्थानीय तहमध्येमध्ये ५५ वटामा पालिका अधिवेशन सकिएको छ । २४ प्रदेशसभा क्षेत्रमध्ये १४ मा, १२ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये सातमा अधिवेशन सकिएको छ । देउवाको गृहप्रदेश सुदूरपश्चिममा भने दुईवटा जिल्लामा अधिवेशन सकिएको छ । प्रदेशमा ८८ मध्ये ६६ पालिका, ३२ प्रदेशसभा निर्वाचन क्षेत्रमध्ये १८ मा, १६ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये नौ वटामा अधिवेशन सकिएको छ ।

### महाधिवेशन भृकुटीमण्डपमै

देउवा समूहले महाधिवेशन काठमाडौंको भृकुटीमण्डपमै गर्ने तयारी गरेको छ । 'महाधिवेशन भृकुटीमण्डपमै हुन्छ । यसका लागि यो हप्तामै बुकिङ गर्ने तयारी छ,' संयोजक पोखरेलले भने । यसअघि असोज १६ देखि संस्थापनले भृकुटीमण्डप, खुल्लामञ्च र राष्ट्रिय सभागृहमा १५औं महाधिवेशन गरी गगन थापालाई सभापतिमा निर्वाचित गरिसकेको छ । यो कार्यसमितिले भोलि बिहीबार सानेपामा शपथ लिँदै छ । देउवा समूहको भने १५ कात्तिकमा जिल्ला अधिवेशन र चार मंसिरमा प्रदेश अधिवेशन गरेर २१ देखि २३ मंसिरमा केन्द्रीय महाधिवेशन गर्ने तालिका छ ।

■ ■ ■

## एफडब्ल्युसिएमएस...

अहिलेसम्म ट्रस्ट नेपाल ओभरसिज प्रालिका रबिन गुरुङमात्र पक्राउ परेकख । छन् ।

सोमबार विभागले एक सूचना जारी गर्दै वैदेशिक रोजगारसम्बन्धी कसुरमा पक्राउ पुर्जी जारी भएकाहरूलाई ३५ दिनभित्र सम्पर्कमा आउन निर्देशन दिएको थियो । उक्त सूचना विभिन्न मुद्दामा न्यायाधिकरणबाट कानुनीरूपमा पक्रन अनुमति प्राप्त भएकाहरूका लागि जारी गरिएको भए पनि २५ व्यवसायीको हकमा पनि उक्त निर्देशन लागू हुने महानिर्देशक ढकालले बताए । सूचनामा पक्राउ पुर्जी जारी भएकाहरू तोकिएको समयमा उपस्थित नभए उनीहरूको बैंकिङ कारोवार रहेको खाता र यात्रा अनुमति (राहदानी) रोक्का गरिने भनिएको छ ।

### संयुक्त कार्यदलको बैठक प्रस्ताव

युवा, श्रम तथा रोजगार मन्त्रालयले मलेसिया रोजगारीमा देखिएको समस्या समाधानका लागि संयुक्त कार्यदलको बैठक (जेडब्ल्युसी)का लागि मलेसिया सरकारलाई प्रस्ताव गरेको छ । श्रममन्त्री रामजी यादवले नेपाल र मलेसियाबीच श्रमिक छनोट तथा भर्ना प्रक्रियाका सम्बन्धमा देखिएका विषयहरू आपसी संवाद, सहकार्य र समझदारीका माध्यमबाट सम्बोधन गर्ने उद्देश्यले नेपाल सरकारले कूटनीतिक पहल अघि बढाएको जानकारी दिएका हुन् ।

'परराष्ट्र मन्त्रालयमार्फत युवा, श्रम तथा रोजगार मन्त्रालयले मलेसियाली पक्षलाई औपचारिक पत्राचार गर्दै नेपालले एफडब्ल्युसिएमएस प्रणालीअन्तर्गत नेपाली श्रमिकको भर्ना प्रक्रियासँग सम्बन्धित विषय र अन्य श्रम आप्रवासन क्षेत्रका विभिन्न सवालहरूमा द्विपक्षीय छलफल गर्न संयुक्त कार्यदलको बैठक काठमाडौंमा आयोजना गर्ने प्रस्ताव गरेको हो,' श्रममन्त्री यादवको सचिवालयले भनेको छ । नेपालले उक्त बैठकका लागि सन् २०२६ नोभेम्बर १८-१९ वा डिसेम्बर २-३ का मितिहरू प्रस्ताव गर्दै मलेसियाली पक्षको अनुकूलताअनुसार बैठकको मिति तय गर्न सकिने जनाएकोसमेत सचिवालयले जानकारी दिएको छ । 'श्रमिक भर्ना प्रक्रियामा निरन्तरता, पूर्वानुमानयोग्यता र सहजता कायम राख्न दुवै पक्षबीच आपसी सहमतिबाट नयाँ व्यवस्था तय नभएसम्म विद्यमान प्रक्रियालाई निरन्तरता दिनुपर्ने नेपालको धारणा रहेको छ,' श्रममन्त्री यादवको सचिवालयले जनाएको छ ।

सचिवालयका अनुसार प्रस्तावित बैठकमा श्रमिक छनोट तथा भर्ना प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी र श्रमिकमैत्री बनाउने विषयका साथै सन् २०१८ मा नेपाल र मलेसियाबीच सम्पन्न श्रमसम्बन्धी समझदारीपत्रको नवीकरणसम्बन्धी मस्यौदालाई अन्तिम रूप दिने विषयमासमेत छलफल हुने अपेक्षा गरिएको छ ।

'नेपाल सरकारले मलेसियासँगको दीर्घकालीन श्रम सहकार्यलाई उच्च महत्त्व दिँदै नेपाली श्रमिकको हित संरक्षण, सुरक्षित एवं मर्यादित वैदेशिक रोजगारीको प्रवर्द्धन तथा दुवै मुलुकको साझा हितअनुकूल श्रम सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिबद्धतासमेत व्यक्त गरेको छ,' मन्त्री यादवको सचिवालयले जनाएको छ । हाल एफडब्ल्युसिएमएसमा सूचीकृत व्यवसायीको पूर्वस्वीकृति रोक्का भएको अवस्था छ भने स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूले बाँकी व्यवसायीमार्फत जाने श्रमिकको स्वास्थ्य परीक्षण नगरिदिँदा मलेसिया रोजगारी ठप्प भएको छ ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०३/०५ मा दर्ता कायम भएको **रोयल कलेज अफ म्यानेजमेन्ट प्रा.लि. (प्रा.लि.नं. १९२००५/०७४/०७५)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०७/१० गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**खारेजीकर्ता (लिक्विडेटर) श्री श्रवण कुमार श्रेष्ठ**
**इजाजत पत्र नं. ४०४, फोन नम्बर ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७२/०३/१४ मा दर्ता भएको **प्रा. लि. नं. १३६५९६** को **आशिष नुडल्स प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयको मिति २०७३/१२/२५ मा दर्ता भएको **कुमार बिजिनेस प्राइभेट लिमिटेड (प्रा.लि.नं. १६६७९२)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७४/०२/१२ मा दर्ता भएको **प्रा. लि. नं. १६८७८०** को **कुवेर टुर एण्ड ट्राभल प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७८/०४/०४ मा दर्ता भएको **प्रा. लि. नं. २६४८९३** को **विर ग्रुप प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७०/०९/२५ मा दर्ता भएको **प्रा. लि. नं. ११८४४५** को **मिरर रिफ्लेक्सन प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कुवेतमा रोजगार** कम्पनी : KAYNAN BENOY CO. FOR SNACKS
पूर्व स्वीकृति मिति : २०८३/०६/३० | LT. No. 349576 | चलानी नं. ६०२६२८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 0 | 1 | 110 | ५४,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | COOK (N) | 3 | 0 | 130 | ६४,२४३ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक १८ गते (4th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 980-4369070
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम इजाजत नं. ४४८/०६०/०६१

**युएइमा रोजगार** कम्पनी : UNIVERSAL PRECISION SECURITY SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८३/०२/०१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१० | LT. No. 342185 | चलानी नं. ६०२५५४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 23 | 0 | 1500 | ६२,३०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १८, १९ र २० गते (4th, 5th & 6th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9712062096, 9705779699,9849149768,9813975678,9717426877
श्रम इजाजत नं. ९१५/०६७/६८

**मलेसियामा रोजगार** कम्पनी : ARISTA SECURITY SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०७/१० | LT. No. 349807 | चलानी नं. ६०२६२८३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ६३,४४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक १८ गते (4nd Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MAHAD MANPOWER PVT. LTD.** (SPLENDID JOB SOLUTION PVT. LTD.)
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457,
Shankar ghatani -9845312486, Ozina Sangat -9828860764, Denisha Dahal -9813511839
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com
श्रम इजाजत नं. ९८१/०६७/०६८

**युएइमा रोजगार** कम्पनी : Sinopec Engineering- Abu Dhabi
पूर्व स्वीकृति मिति : २०८३/०४/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१० | LT. No. 345514 | चलानी नं. ६०२५८७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 150 | 0 | 1200 | ४९,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder | 50 | 0 | 1600 | ६६,४५९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १८ गते (4th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**STUPA OVERSEAS SERVICES PVT. LTD.**
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418, Jhal Nath Chamlagain (Contact No. 9707570238)
E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com
श्रम इजाजत नं. ७०२/०६३/०६४

**साउदीमा रोजगार** कम्पनी : OASIS SAUDI PLASTIC PRODUCTS COMPANY FACTORY, A SOLE PROPRIETORSHIP
पूर्व स्वीकृति मिति : २०८३/०३/२३ | LT. No. 344488 | चलानी नं. ६०२५७७६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic Products Making Labors | 2 | 0 | 1000 | ४०,७३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SYNNET INTERNATIONAL PVT.LTD.**
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
Synnet International Pvt. Ltd. Licence No.: 206/057/058
ISO 9001: 2008 Certified Company | Certified No. 70902

**कुवेतमा रोजगारको अवसर** कम्पनी : DESERT BLOOMS GENERAL TRADING COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०८/०१ | LT. No. 333798 | चलानी नं. ६०२४७४९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Florist | 2 | 2 | 150 | ७३,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 5 | 5 | 100 | ४९,०७५ | | | | | | | |

कम्पनी : KITTY PARK LADIES BEAUTY SALON COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०७/१० | LT. No. 349846 | चलानी नं. ६०२६२८६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nail Technicial(Manicurist/pedicurist) | 0 | 3 | 150 | ७३,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Woman Hairdresser | 0 | 3 | 200 | ९८,१४९ | | | | | | | |
| 3. | (Lady) Cleaners | 0 | 3 | 100 | ४९,०७५ | | | | | | | |
| 4. | Manicurist/pedicurist | 0 | 3 | 150 | ७३,६१२ | | | | | | | |

कम्पनी : PEAK LAB RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०७/१० | LT. No. 349845 | चलानी नं. ६०२६२८६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 10 | 0 | 150 | ७३,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ELM Lounge Beauty for Ladies Beauty Salon Company
पूर्व स्वीकृति मिति : २०८३/०७/१० | LT. No. 349844 | चलानी नं. ६०२६२८६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dress/Hair Stylist | 0 | 3 | 150 | ७३,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MANICURIST/NAIL TECHNICIAN | 0 | 3 | 150 | ७३,६१२ | | | | | | | |
| 3. | MANICURE/PEDICURE | 0 | 4 | 150 | ७३,६१२ | | | | | | | |
| 4. | Cleaner I | 0 | 2 | 120 | ५८,८८९ | | | | | | | |

कम्पनी : BARARI COMPANY FOR GARDEN COORDINATION AND MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८३/०७/१० | LT. No. 349843 | चलानी नं. ६०२६२८६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gardener | 8 | 0 | 150 | ७३,६१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १८ गते (4th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**जापानमा रोजगार** कम्पनी : SHAKAI FUKUSHI HOJIN HYOGO KEN SHAKAI FUKUSHI KYOUGIKAI
पूर्व स्वीकृति मिति : २०८३/०६/३० | LT. No. 349452 | चलानी नं. ६०२६२८०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Giver | 2 | 0 | 208800 | २,०२,०३० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्किं आएपछि पुन: काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १८ गते (4th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TIRUPATI H.R. SOLUTION (P) LTD**
Kathmandu-31 (New Baneshwor) KATHMANDU, Nepal, Tel: 014533441, 9851183897
Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np
Govt. License 1544/078/079

# संसदीय विशेष समितिले माग्यो बाढीप्रभावित पालिका र वडामा भएको क्षतिको विवरण



**काठमाडौं (प्रस)–** राष्ट्रिय सभाअन्तर्गतको भोटेकोशी एवं कालीगण्डक तटीय क्षेत्रमा विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिले सरकारसँग बाढीप्रभावित ४९ वडामा भएको क्षति र राहत वितरणको विस्तृत विवरण माग गरेको छ । समितिका सभापति कृष्णप्रसाद पौडेलले प्रभावित पालिका र वडास्तरमा वितरण गरिएको राहत र क्षतिको विवरण विना संसदीय अनुगमन प्रभावकारी नहुने भएकाले विस्तृत विवरण माग गरिएको बताए ।

समितिको मंगलबारको बैठकमा उनले सरकारले बाढीप्रभावित क्षेत्रमा समग्रमा के-कति राहत उपलब्ध गरायो भन्ने विवरणसँगै कुन वडामा कति नगद, खाद्यान्न तथा अन्य राहत पुग्यो भन्ने विवरण सरकारसँग माग गर्ने निर्णय भएको जानकारी दिए ।

प्रत्येक प्रभावित वडाको क्षतिको अभिलेख वडाध्यक्ष प्राविधिकको हस्ताक्षरसहित तयार गर्ने व्यवस्थासमेत मिलाउन समितिले सरकारलाई सुझाव दिएको छ । प्रत्येक पालिका र वडामा भएको मानवीय क्षति, बेपत्ता तथा विस्थापितको संख्या, पशुपन्छी, खेतीपाती, सञ्चार, विद्यालय तथा बालबालिकाको अवस्थालगायतका विवरण एकीकृतरूपमा ल्याउन सरकारलाई समितिले आग्रह गरेको छ । समितिले आजदेखि यही कात्तिक १६ गतेसम्म जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा कृषि, वन, जैविक विविधता र जलाधार क्षेत्रमा भएको क्षतिबारे छलफल गर्ने कार्यतालिका बनाएको छ ।

समितिले प्रभावित जिल्ला, स्थानीय तह र वडाको विवरण तथा मन्त्रालयबीचको समन्वयबारे छलफल गर्ने तथा आर्थिक क्षतिको मूल्यांकन, राहत तथा पुनस्थापनाका लागि बजेट व्यवस्थापन र पुननिर्माणको वित्तीय स्रोतबारे अर्थ मन्त्रालयसँग छलफल गर्ने छ । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा संकलित रकम, त्यसको अवस्था र परिचालनबारेसमेत छलफल हुने पौडेलले जानकारी दिए । यस्तै विदेशी पर्यटकको मृत्यु तथा उद्धार, छिमेकी मुलुकसँगको कूटनीतिक समन्वय र अन्तर्राष्ट्रिय सहयोग परिचालनबारे परराष्ट्र मन्त्रालय तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग समितिले छलफल गर्दै छ ।

नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीसँग उद्धार तथा राहत कार्य, जनशक्ति र स्रोतसाधनको परिचालन, मानवीय क्षति, पूर्वाधारमा भएको क्षति र कार्यसम्पादनका क्रममा देखिएका चुनौतीबारे पनि समितिले छलफल गर्न लागेको छ । त्यसलगत्तै समितिले यही कात्तिक १७ देखि २१ गतेसम्म समितिले रसुवा, नुवाकोट र धादिङका विपद्प्रभावित क्षेत्रको स्थलगत अनुगमन गर्ने जनाएको छ । यसअघि राष्ट्रिय सभाले भोटेकोशी तथा कालीगण्डकी करिडोरलगायत विपद्प्रभावित क्षेत्रको अवस्था अध्ययन तथा अनुगमन गरी सभामा प्रतिवेदन पेस गर्न विशेष समिति गठन गरेको थियो । समितिले विपद् प्रभावितको पुनर्स्थापना, भौतिक संरचनाको पुनर्निर्माण, जोखिम न्यूनीकरण र जलवायु न्यायका लागि मार्गचित्र सिफारिस गरी राष्ट्रिय सभामा प्रतिवेदन पेस गर्ने छ ।

## काठमाडौंका विभिन्न स्थानमा चोरी गर्ने चार जना भारतीय पक्राउ

**काठमाडौं (प्रस)–** काठमाडौंका विभिन्न स्थानमा घर तथा फ्ल्याटमा कोही नभएको मौका पारी नगद, सुन तथा चाँदीका गरगहनालगायतका धनमाल चोरी गर्ने चार जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले कलंकी क्षेत्रका विभिन्न घरमा चोरी गरेको आरोपमा उनीहरूलाई चोरीका सामानसहित पक्राउ गरेको हो । पक्राउ पर्नेमा भारतको बिहार राज्यस्थित समस्तीपुर खेसराहा घर भई हाल काठमाडौं महानगरपालिका-१३ कालीमाटी बस्ने २५ वर्षीय विकास पोदार, १९ वर्षीय राजुकुमार भन्ने राजु पोदार, २३ वर्षीय राजेन्द्र पोदार भन्ने राजेन्द्र कुमार र ४६ वर्षीया विणा देवी रहेका छन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार पक्राउ परेकाहरूले यही कात्तिक ७ गते काठमाडौंको कलंकीस्थित तासिङडोल मार्गमा बस्ने उर्मिला भन्ने सीता थपलियाको फ्ल्याटमा कोही नभएको मौका पारी ढोकाको ताला फोडेर नगद, सुन तथा चाँदीका गरगहनालगायतका धनमाल चोरी गरेको अनुसन्धानबाट खुलेको हो । उनले भने, 'घर तथा फ्ल्याटमा कोही नभएको मौका छोपेर ढोकाको ताला फोडी नगद तथा सुनचाँदीका गरगहना चोरी गर्ने कार्यमा संलग्न रहेको आरोपमा चार जना भारतीय नागरिकलाई पक्राउ गरेका छौं ।' प्रहरीका अनुसार पक्राउ परेकाहरूले यही कात्तिक ६ गते बिहान कलंकीको रञ्जित कोलोनीस्थित निरञ्जन नेपालको घरमासमेत चोरी गरेको खुलेको छ । लगातार दुई दिन फरक-फरक घरमा चोरीका घटना भएपछि प्रहरीले घटनामा संलग्न व्यक्तिहरूको खोजतलास तथा अनुसन्धान अघि बढाएको थियो ।

अनुसन्धानका क्रममा चोरीका घटनामा संलग्न रहेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिए । पक्राउ परेकाहरूको साथबाट चोरी गरिएका सुन तथा चाँदीका गरगहना र नगदसमेत बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका चारै जनालाई बरामद गरिएका सामानसहित थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि प्रहरी वृत्त कालीमाटी पठाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

**कनकाई नगरपालिका**

## कनकाई नगर हस्पिटल

**सुरुङ्गा, झापा**

**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धमा

**सूचना प्रकाशन भएको मिति २०८३/०७/११**

यस कार्यालयबाट २०८२/०५/२६ गते (तदनुसार 11 September , 2026) को मध्यान्ह राष्ट्रिय दैनिकमा नगर हस्पिटलको फार्मेसीका लागि औषधी तथा औषधीजन्य सामाग्रीहरु र एक्सरे फिल्म खरिदका लागि हार्डकपी मार्फत बोलपत्र आह्वान भए अनुसार प्राप्त बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि. न. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम ठेगाना | औषधी तथा औषधीजन्य सामाग्रीहरू | कुल कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | Procurement of Medicine and Related Items for Hospital Pharmacy. K.N.H/NCB/ GOODS/1/2083-84 | श्री अमन फार्मेसी विर्तामोड | ४५ | रू. ४२,६०,८२९/- <br> अक्षरेपी बयालिस लाख साठी हजार आठ सय उन्नतीस रुपैयाँ मात्र । |
| २ | | श्री होम टाउन फर्मा विर्तामोड | ३० | रू.४०,५३,७६२/- <br> अक्षरेपी चालिस लाख त्रिपन्न हजार सात सय बैसठी रुपैयाँ मात्र । |
| ३ | | श्री इस्मार्ट केयर फर्मा विराटनगर | २५ | रू. १६,२८,३२८/- <br> अक्षरेपी सोह्र लाख अट्ठाइस हजार तिन सय अट्ठाइस रुपैयाँ मात्र । |
| ४ | | श्री फर्मा डिष्ट्रिव्युटर विराटनगर | ५८ | रू. ३३,८९,४८८/- <br> अक्षरेपी तेतिस लाख उनानब्बे हजार चार सय अठासी रुपैयाँ मात्र । |
| ५ | | श्री कालिमा ड्रग डष्ट्रिब्युटर अर्जुनधारा | २० | रू. १३,६७,१८२/- <br> अक्षरेपी तेह्र लाख सडसठी हजार एक सय बयासी रुपैयाँ मात्र । |
| ६ | | श्री बिशु मेडिसेल्स प्रा.ली. विराटनगर | २७ | रू. ३१,९०,८६३/- <br> अक्षरेपी एकतिस लाख नब्बे हजार आठ सय त्रिसठी रुपैयाँ मात्र । |
| ७ | | श्री एभरपिक मेडि फर्मा विर्तामोड | १४ | रू. १२,१४,३७७/- <br> अक्षरेपी बाह्र लाख चौध हजार तिन सय सत्तहतर रुपैयाँ मात्र । |
| ८ | | श्री गणेश ड्रग हाउस विराटनगर | १५८ | रू. १,२५,२०,९२८/- <br> अक्षरेपी एक करोड पच्चिस लाख बिस हजार नौ सय अट्ठाइस रुपैयाँ मात्र । |
| ९ | | श्री सन फार्मेसी पोखरा | १२४ | रू. ५२,६९,१४४/- <br> अक्षरेपी बाउन्न लाख उनन्सत्तरी हजार एक सय चवालिस रुपैयाँ मात्र । |
| १० | | श्री डालिमा मेडिसेल्स काठमाण्डौ | १५ | रू. १०,८०,३५१/- <br> अक्षरेपी दश लाख असी हजार तिन सय एकाउन्न रुपैयाँ मात्र । |
| ११ | | श्री इस्टर्न मेडिसिन सेन्टर विर्तामोड | ११ | रू. १८,११,८२०/- <br> अक्षरेपी अठार लाख एघार हजार आठ सय बिष रुपैयाँ मात्र । |
| | जम्मा | | ५२७ | रू. ३,९७,८७,०७२/- <br> अक्षरेपी तिन करोड सन्तान्बे लाख सतासी हजार बहत्तर रुपैया मात्र । |
| १ | Procurement of X-ray Film and Related Items for Hospital Supply K.N.H/NCB/ GOODS/2/2083-84 | श्री संगम वायोमेडिकल सोलुसन प्रा.ली. विराटनगर | २ | रू. ४५,४९,३८०/- <br> अक्षरेपी पैतालिस लाख उन्पचास हजार तिन सय असी रुपैया मात्र |

**बोधार्थः**

१. सम्पूर्ण Procurement of Medicine and Related Items for Hospital Pharmacy. K.N.H/NCB/GOODS/1/2083-84 सँग सम्बन्धित बोलपत्र दाताहरु ।
२. सम्पूर्ण Procurement of X-ray Film and Related Items for Hospital Supply K.N.H/NCB/GOODS/2/2083-84 सँग सम्बन्धित बोलपत्र दाताहरु ।


## कुवेतमा रोजगार

कम्पनी : KHABZA COMPANY FOR SNACKS COLD AND HOT BEVERAGES शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०७/१० चलानी नं.: ६०२६२७३४ LT. No.: 349779

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst Cooks | 12 | 0 | स. काममा दक्ष | 130 | ६३,७५९ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कात्तिक १८ गते (4 Nov. 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
MAHA
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

## युएईमा रोजगार

कम्पनी : PETROVISION EMPLOYMENT SERVICES LLC शहर : Dubai
पूर्व स्वीकृत मितिः २०८३/०६/२९ चलानी नं.: ६०२६२४६९ LT.No.: 349204

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber Assistant | 85 | 0 | स. काममा दक्ष | 1000 | ४१,५३६ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

कम्पनी : I F M FACILITIES MANAGEMENT - L L C - O P C - DUBAI BRANCH शहर : Dubai
पूर्व स्वीकृत मितिः २०८३/०६/२९ चलानी नं.: ६०२६२४८८ LT.No.: 349438

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 40 | 0 | स. काममा दक्ष | 1110 | ४६,१०६ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कात्तिक १८ गते (4 Nov., 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**DIBYARATNA CONSULTANT PVT.LTD**
Battisputali, Kathmandu | Phone:+977 1 4531019/97 1 2605064
Email: info@dibyaratna.com, Website: www.divyahr.com
Gov. Lic No. 1819/082/083

## साउदीमा रोजगार

कम्पनी : SAEED MOHAMMED ABDULRAHMAN AL SEHRI REFRIGERATION AND AIR CONDITIONING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८३/०७/१० LT. No. 349813 चलानी नं. ६०२६२८२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker/ Helper | 6 | 0 | 1000 | ४०,७३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति : २०८३ कात्तिक १८ गते (4th Nov. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

## मलेसियामा रोजगार

कम्पनी : HAZNI PROTECTIONS & PREVENTIONS SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०७/०९ LT. No. 349608 चलानी नं. ६०२६२८३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 1700 | ६३,४४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १८ गते (4th Nov. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. १३८/०५५/०५६
Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01–5153055 / 01–5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com

## युएइमा रोजगार

कम्पनी : Aldiqqa Glass And Aluminum Works
पूर्व स्वीकृति मिति : २०८३/०७/१० LT. No. . 349828 चलानी नं. ६०२६२८५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 1500 | ६२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Aluminium Fitter | 6 | 0 | 1500 | ६२,३०५ | | | | | | | |
| 3 | Glazier | 6 | 0 | 1500 | ६२,३०५ | | | | | | | |
| 4 | Sales Officer | 1 | 0 | 1500 | ६२,३०५ | | | | | | | |

कम्पनी : Times Apparel Manufacturing L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०७/१० LT. No. . 349826 चलानी नं. ६०२६२८५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1000 | ४१,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Stevedores | 8 | 0 | 1000 | ४१,५३६ | | | | | | | |
| 3 | Tailor | 5 | 0 | 1500 | ६२,३०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १८ गते (4th Nov. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEPAL WORLD OVERSEAS PVT.LTD**
LIC No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com


## जग्गा खरिदको लागि शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८३/०७/११

यस कम्पनीलाई कृषि प्रयोजनको लागि तपसिलमा उल्लेखित क्षेत्रमा जग्गा खरिद गर्नुपर्ने भएकाले निम्न उल्लेखित शर्तहरुको अधीनमा रही आवश्यक कागजातहरु संलग्न गरी सूचना प्रकाशित मितिले १५ दिन भित्र शिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नुहुन उल्लेखित क्षेत्रका जग्गा बिक्री गर्न इच्छुक जग्गाधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जग्गा खरिदको लागि प्रस्तावित स्थान तथा क्षेत्रफलः**

| जिल्ला | जग्गाको क्षेत्रफल | प्रस्तावित स्थान |
|---|---|---|
| बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा | न्यूनतम १० विघादेखि ३० विघा सम्म | महेन्द्र राजमार्गबाट दायाँ बायाँ बढीमा ३ कि.मी. भित्र सम्म |

**शर्तहरु :**

१. बिक्री गरिने जग्गाको विस्तृत विवरण (जिल्ला, न.पा., वडा नं., स्थान, कित्ता नं., जग्गाको क्षेत्रफल उल्लेख गरी) सो जग्गा सम्बन्धी कागजातहरु (लालपुर्जा, जग्गाधनीको नागरिकता, चालु आ.व. को मालपोत तथा सम्पत्ति कर तिरेको रसिद, नक्साको प्रतिलिपि संलग्न गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।
२. बिक्री गरिने जग्गाको स्वामित्व सम्बन्धी मामिला रहेको भएमा जग्गा बिक्री गर्न तथा मूल्य प्रस्ताव गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।
३. जग्गाको प्रति कठ्ठा मूल्य तथा कुल बिक्री मूल्य समेत अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेख गरेको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।
४. जग्गाको चार किल्ला खुल्ने गरी बाटोबृद्धि निर्धारण गरिएको, साँध सिमाना स्पष्ट भएको र सन्धियारहरुसँग कुनै विवाद नभएको हुनु पर्नेछ ।
५. जग्गाको नक्सा तथा फिल्डमा कालोपत्रे पक्की वा ग्राभल सडकको पहुँच भएको हुनुपर्नेछ । साथै जमिनमा माथिको हक हिस्सा नभएको, कानुनी विवाद नभएको, मोही, गुठी स्वामित्व नभएको, देवता तथा तेस्रो हकभोगमा नरहेको, खोलानाला छैन, हाइटेन्सन लाइन, सडक विभाग तथा नगरपालिकाको मापदण्ड अनुसार सडक विस्तार, एयरपोर्ट, मठ मन्दिर मस्जिद गुम्बा तथा अन्य सार्वजनिक निकायले भविष्यमा अधिग्रहण गर्न सक्ने सम्भावना नभएको जग्गा हुनुपर्नेछ ।
६. बोलपत्र प्रस्ताव फाराम यस कम्पनीको केन्द्रीय कार्यालय बसुन्धरा, काठमाडौंबाट रु. १०००/- तिरी प्राप्त गर्न सकिनेछ ।
७. जग्गा बिक्रीको प्रस्तावको साथ आवश्यक कागजातहरु संलग्न गरी खामको बाहिरी भागमा **"जग्गा बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र"** लेखी शिलबन्दी गरी तोकिएको म्याद भित्र केन्द्रीय कार्यालय बसुन्धरा, काठमाडौंमा कार्यालय समयमै पेश गर्नु पर्नेछ ।
८. तोकिएको म्याद भित्र दर्ता भएका बोलपत्र प्रस्तावहरु मिति २०८३/०७/३० गते दिउँसो ३:०० बजे शिलबन्दी प्रस्ताव दर्ता भएको कार्यालयमा नै खोलिने छ । प्रस्ताव पेश गर्ने सम्बन्धित संस्था वा व्यक्तिको प्रतिनिधि उपस्थित नभएता पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
९. कुनै पनि शिलबन्दी बोलपत्र प्रस्ताव स्वीकार गर्ने वा नगर्ने वा सबै प्रस्तावहरु रद्द गर्ने सम्बन्धमा सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ र सो सम्बन्धमा कम्पनीको निर्णय नै अन्तिम हुनेछ ।

**बिस्तृत जानकारीको लागी ९८०२२६०७००, ९७०७०७५४११**

**मुक्तिनाथ फुड बैंक लि.**
**MUKTINATH FOOD BANK LTD.**
An Associate Compay of Muktinath Krishi Company Ltd.
Basundhara, Kathmandu
01-4954046
info@muktinathfoodbank.com.np
https://muktinathfoodbank.com.np
"गाउँको उत्पादन शहरमा, सहरको पुँजी गाउँमा"

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# यात्रा रोकौं, सुरक्षित रहौं

मुलुकका उच्च पहाडी तथा हिमाली भूभागमा उत्पन्न हुन सक्ने मौसमी विपद्को जोखिमप्रति सजग गराउँदै अध्यागमन विभागले मंगलबार एक सूचना जारी गर्दै आगामी तीन दिनका लागि पदयात्रा अनुमति रोकेको छ । बंगालको खाडीमा विकसित भएको 'अर्नब' चक्रवातको प्रभावस्वरूप नेपालमा भोलि बिहीबारदेखि शनिबारसम्म भारी वर्षा, हावाहुरी, चटचाङ तथा उच्च पहाडी र हिमाली क्षेत्रमा भारी हिमपात र हिमपहिरोको पूर्वानुमान गरिएको कारण विभागले पदयात्राको अनुमति रोकेको हो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको चेतावनीलाई आधार मान्दै कात्तिक १२, १३ र १४ गते उच्च हिमाली र पहाडी क्षेत्रमा भारी हिमपात, हिमआँधी तथा हिमपहिरोको उच्च जोखिम औंल्याइएको छ । मौसमको यो प्रतिकूलता केवल एक सामान्य प्राकृतिक परिवर्तनमात्र नभई मानव जीवनका लागि प्रत्यक्ष खतराको घण्टी हो । त्यसैले यस्ता संवेदनशील समयमा अपनाइने सतर्कता र सावधानीले ठूला मानवीय क्षति टार्न महत्त्वपूर्ण भूमिका खेल्छ ।

अध्यागमन विभागले उक्त तीन दिनको अवधिमा उच्च पहाडी तथा हिमाली क्षेत्रका निषेधित स्थानमा पदयात्राका लागि अनुमतिपत्र जारी नगरिने स्पष्ट पारेको छ । साथै, यसअघि नै पदयात्रा क्षेत्रभित्र प्रवेश गरिसकेका पर्यटकहरूलाई जथाभावी नहिँडी सुरक्षित स्थान वा आश्रयस्थलमामात्र बस्न अनुरोध गरिएको छ । ट्रेकिङ एजेन्सी, पदयात्री, पथप्रदर्शक तथा सम्बन्धित सबै सरोकारवालाहरूले यस सूचनालाई गम्भीरतापूर्वक लिँदै कडा रूपमा पालना गर्नु अहिलेको अपरिहार्य आवश्यकता हो ।

यसै सन्दर्भमा, नेपाल प्रहरीलेसमेत देशैभरका नागरिकलाई उच्च पहाडी तथा हिमाली क्षेत्रमा यात्रा नगर्न, अत्यावश्यक कामबाहेक लामो वा जोमिखयुक्त यात्रा नगर्न तथा नदी र खोलाका किनार एवं बाढीको जोखिमयुक्त क्षेत्रमा नबस्न गरेको आग्रह अत्यन्त समयोचित छ । नेपालको भौगोलिक बनावट जटिल भएकाले मौसमी प्रणालीमा जरा गाड्ने सानो फेरबदलले पनि ठूलो विपद् निम्त्याउन सक्छ । विगतका अनुभवहरूले पनि देखाएका छन् कि पूर्वसूचनालाई बेवास्ता गर्दा कतिपयले अकालमै ज्यान गुमाउनुपरेको छ । तसर्थ, प्रहरीको यो अपिललाई हरेक नागरिकले व्यक्तिगत सुरक्षाको कवचका रूपमा बुझ्नुपर्छ ।

प्राकृतिक विपद्बाट बच्नका लागि नागरिक स्तरबाट पनि उच्च सतर्कता अपनाउनु उत्तिकै जरुरी छ । सबैले मौसम पूर्वानुमान महाशाखाका नियमित बुलेटिनहरू तथा आधिकारिक निकायबाट आउने पूर्वसूचनाहरूलाई निरन्तर पछ्याउनुपर्छ । यदि कुनै पनि किसिमको विपद्को जोखिम महसुस भएमा वा संकेत देखिएमा तुरुन्तै सुरक्षित स्थानतर्फ प्रस्थान गर्नु बुद्धिमत्ता हुन्छ । सरकार र सम्बन्धित निकायले जारी गरेका निर्देशनहरूलाई पालना गर्नु भनेको कानुनको मात्र पालना होइन, यो आफ्नै र आफन्तको अमूल्य जीवनको रक्षा गर्नु हो ।

अन्ततः प्रकृतिसँगको संघर्षमा सधैं सावधानी र विवेकको जित हुन्छ । मौसममा सुधार नआएसम्म र विपद्को जोखिम टरेको आधिकारिक सूचना जारी नभएसम्म हिमाली तथा उच्च पहाडी क्षेत्रको यात्रा पूर्णरूपमा स्थगित गर्नु नै सबैको हितमा छ । सरकार, सुरक्षा निकाय, स्थानीय प्रशासन, पर्यटन व्यवसायी र आमनागरिकबीचको सुदृढ समन्वय र आपसी सहकार्यबाट मात्र यस्ता सम्भावित विपद्जन्य दुर्घटनाहरूलाई न्यूनीकरण गर्न सकिन्छ । सचेत नागरिक बनौं, सुरक्षित रहौं ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

# डिजिटल सञ्जालले बदलिँदै हुम्लीको दैनिकी



■ हिरबहादुर शाही

"दुर्गम भौगोलिक अवस्थाका कारण सेवा केन्द्रसम्म पुग्न नागरिकले लामो दूरी तय गर्नुपर्ने हुम्लामा डिजिटल प्रविधिलाई सेवा प्रवाह सहज बनाउने माध्यमका रूपमा प्रयोग गर्न थालिएको छ । स्थानीय तहहरूले कार्यालय व्यवस्थापन, अभिलेख प्रणाली, राजस्व संकलन, घटना दर्ता, सूचना प्रवाह तथा अनलाइन सेवाजस्ता क्षेत्रमा प्रविधिको प्रयोग विस्तार गरिरहेका छन् । यसले नागरिकलाई स्थानीय सरकारका सेवा लिन सहज बनाउनुका साथै सरकारी कामकारबाहीलाई व्यवस्थित र पारदर्शी बनाउन सहयोग पुगेको छ ।

दसैं घटस्थापनाको दिउँसो अदानचुली गाउँपालिकाको श्रीनगरमा व्यवसायी तिलकबहादुर शाहीको पसलमा क्युआर कोडमार्फत सरसामानको भुक्तानी गर्ने ग्राहकको बाक्लै भीड थियो । केही वर्षअघिसम्म नगदविनाको कारोबार कल्पना गर्न पनि कठिन थियो । रकम अभाव हुँदा सामान उधारो दिने वा विश्वासकै आधारमा कारोबार चलाउने प्रचलन थियो तर अहिले स्मार्टफोन र इन्टरनेटको पहुँचले त्यही दृश्य पूर्णरूपमा बदलिएको छ ।

व्यवसायी शाहीका अनुसार डिजिटल सञ्जालले व्यापारलाई निकै सहज, सुरक्षित र पारदर्शी बनाएको छ । पहिले अधिकांश कारोबार नगद, उधारो वा कहिलेकाहीँ सामान साटासाट गरेर हुन्थ्यो । उधारो रकम लिन चेक लिनुपर्थ्यो । चेकमा हस्ताक्षर नमिल्ने, विवरण फरक पर्ने वा अन्य प्राविधिक समस्याले धेरै झण्झट बेहोर्नुपर्थ्यो । पहिले उधारो विवरण कागजमा राखिन्थ्यो, अहिले भने मोबाइलमै नोट बनाएर सम्पूर्ण हिसाब सुरक्षित राख्न सकिन्छ ।

तिलबहादुरका अधिकांश ग्राहकले क्युआर कोडबाटै भुक्तानी गर्छन् । उधारो रकम लिनुपरे पनि क्युआर कोड मेसेञ्जर वा ह्वाट्सएपमार्फत पठाइदियो भने पैसा सीधै बैंक खातामा आइपुग्छ । भुक्तानी भएको जानकारी तुरुन्तै मोबाइलमा सन्देशमार्फत प्राप्त हुन्छ । डिजिटल कारोबारले नगद बोक्नुपर्ने जोखिम घटाएको व्यवसायी र ग्राहक दुवै खुसी छन् ।

हिमाली भौगोलिक विकटताका कारण सडक पूर्वाधारको विस्तार अझै चुनौतीपूर्ण रहेको हुम्लामा डिजिटल सञ्जालले भने विकासको नयाँ ढोका खोलेको छ । हुम्ली जनजीवनमा क्युआर भुक्तानी, मोबाइल बैंकिङ, अनलाइन कारोबार र सामाजिक सञ्जालको प्रयोग सामान्य बन्दै गएको छ । सडकको पहुँच सीमित रहे पनि इन्टरनेटको पहुँचले स्थानीयको दैनिकी, व्यापार र आर्थिक गतिविधिलाई नयाँ गति दिएको छ ।

### संघीयतापछि तीव्र विकास

दशकौंसम्म नेपालको सबैभन्दा दुर्गम जिल्लामध्ये एकका रूपमा परिचित हुम्ला अन्ततः २०८२ असार २२ गते खार्पुनाथ गाउँपालिका-५ स्थित चुवाखोलामा बेली पुल निर्माण भएसँगै राष्ट्रिय सडक सञ्जालसँग औपचारिकरूपमा जोडियो । यद्यपि हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने योजना सन् १९९७ मा तयार भए पनि यसको निर्माण कार्य सन् २००० मा मात्र सुरु भएको थियो । कठिन हिमाली भूगोल, प्राविधिक चुनौती र राज्यको प्राथमिकताको कमी जस्ता कारण करिब २५ वर्षपछि मात्रै यो परियोजनाले आंशिक पूर्णता पायो । चुवाखोलामाथि बेली पुल जडान भएपछि हुम्ला राष्ट्रिय सडक सञ्जालमा जोडिने नेपालको अन्तिम जिल्ला बन्यो तर सडक पुग्नुअघि नै डिजिटल सञ्जालले भने हुम्लालाई देश र विश्वसँग जोडिसकेको थियो ।

आज हुम्लाका दुर्गम गाउँहरूमा इन्टरनेट, मोबाइल बैंकिङ, क्युआर भुक्तानी र अनलाइन सेवाहरू सहज बन्दै गएका छन् । केही वर्षअघिसम्म सामान्य प्रशासनिक काम, बैंकिङ सेवा वा सरकारी कागजातका लागि सदरमुकाम सिमकोट वा नेपालगञ्जसम्म पुग्नुपर्ने बाध्यता थियो । अहिले त्यस्ता धेरै सेवा मोबाइल फोन र इन्टरनेटमार्फत नै उपलब्ध हुन थालेका छन् । डिजिटल क्षेत्रमा आएको रूपान्तरणले स्थानीय नागरिकको समय, श्रम र खर्च तीनै पक्षमा उल्लेखनीय बचत गरेको छ ।

आर्थिक वर्ष २०७६/७७ मा नेपाल दूरसञ्चार प्राधिकरण र वर्ल्डलिंक कम्युनिकेसन्सबीच ग्रामीण दूरसञ्चार विकास कोषअन्तर्गत सम्झौता भएपछि जिल्लामा इन्टरनेट सेवा विस्तारको नयाँ चरण सुरु भयो । यसअघि अधिकांश स्थानमा भरपर्दो मोबाइल नेटवर्कसमेत उपलब्ध थिएन । सम्झौताअनुसार कर्णालीका हिमाली जिल्लामा इन्टरनेट सेवा विस्तारका लागि करिब २० करोड ७९ लाख रूपैयाँबराबरको परियोजना सञ्चालन गरिएको थियो । त्यसमध्ये करिब पाँच करोड २० लाख रूपैयाँ खर्चेर हुम्लाका सरकारी विद्यालय, स्वास्थ्य संस्था तथा स्थानीय तहका कार्यालयमा इन्टरनेट सेवा जडान गरिएको थियो । यसले सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने आधार तयार गऱ्यो ।

नेपाल टेलिकमले २०७६ सालदेखि सुरु गरेको फोरजी विस्तार परियोजनाअन्तर्गत २०८१ सालमा सिमकोटमा एफटिटिएचसहित सेवा विस्तार गरियो । यो सेवा हुम्ला राष्ट्रिय सडक सञ्जालसँग औपचारिकरूपमा जोडिनुभन्दा करिब एक वर्षअघि नै सञ्चालनमा आएको थियो । हाल जिल्लाका सातवटै स्थानीय तहमा फोरजी सेवा विस्तार भइसकेको छ ।

समुद्री सतहबाट करिब चार हजार ६०० मिटर उचाइमा रहेको दुर्गम लिमी उपत्यकासम्म फोरजी टावर स्थापना गरी मोबाइल सेवा विस्तार गरिएको छ । यसले नेपालकै विकट हिमाली बस्तीहरूमा पनि डिजिटल पहुँच सम्भव भएको सन्देश दिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार हुम्लाको कूल ५५ हजार ३९४ जनसंख्यामध्ये नियमितरूपमा इन्टरनेट प्रयोग गर्नेको संख्या ३९७ मात्र रहेको उल्लेख गरिएको थियो तर पछिल्ला केही वर्षमा स्मार्टफोनको प्रयोग, मोबाइल नेटवर्कको विस्तार, अनलाइन शिक्षा, डिजिटल बैंकिङ र सरकारी सेवाको डिजिटलीकरणसँगै इन्टरनेट प्रयोगकर्ता उल्लेखनीयरूपमा बढेका छन् । हाल हुम्लाका सबै स्थानीय तहमा मोबाइल नेटवर्क विस्तार भइसकेको छ भने विभिन्न इन्टरनेट सेवा प्रदायकहरूले पनि सेवा विस्तार गरेका छन् ।

### उधारो प्रणालीमा कमी

डिजिटल पहुँच विस्तार हुनुअघि अधिकांश आर्थिक कारोबार नगद, चेक वा विश्वासका आधारमा हुने उधारो प्रणालीमै सीमित थिए । सामाजिक सुरक्षाभत्ता बुझ्न, बैंक खातामा रकम जम्मा गर्न वा झिक्न नागरिकले घण्टौं पैदल यात्रा गरेर सदरमुकामस्थित बैंक शाखासम्म पुग्नुपर्ने बाध्यता थियो । कमजोर सडक, सीमित सञ्चार सुविधा र दुर्गम भौगोलिक अवस्थाले सामान्य बैंकिङ सेवासमेत नागरिकका लागि खर्चिलो र झण्झटिलो बनाएको थियो ।

संघीयता कार्यान्वयनसँगै डिजिटल पूर्वाधार विस्तार भएपछि हुम्लाको वित्तीय क्षेत्रमा उल्लेखनीय परिवर्तन देखिन थालेको छ । मोबाइल नेटवर्क र इन्टरनेट सेवाको पहुँच बढेसँगै मोबाइल बैंकिङ, क्युआर भुक्तानी, कनेक्ट-आइपिएस, डिजिटल वालेट र अनलाइन बैंकिङ सेवाको प्रयोग तीव्र रूपमा विस्तार भएको छ । अहिले स्थानीय बजारमा सामान खरिद-बिक्री, विद्यालय शुल्क भुक्तानी, सरकारी राजस्व तिर्ने, लोकसेवा आयोगको आवेदन शुल्क बुझाउनेदेखि सामाजिक सुरक्षाभत्ता प्राप्त गर्नेसम्मका अधिकांश काम डिजिटल माध्यमबाट हुन थालेका छन् ।

डिजिटल प्रविधिको विस्तारले बैंकिङ सेवालाई नागरिकको घरदैलोमै पुऱ्याएको अनुभव बैंकिङ क्षेत्रका प्रतिनिधिहरू सुनाउँछन् । अहिले अधिकांश नागरिकको बैंक खाता छ, धेरैले मोबाइल बैंकिङ प्रयोग गर्छन्, व्यापारीले व्यवसायिक बैंक खाता खोलेर कारोबार गरिरहेका छन्, गाउँपालिकाले सामाजिक सुरक्षाभत्ता बैंक खातामार्फत वितरण गर्न थालेपछि बैंकिङ प्रणालीप्रतिको पहुँच र विश्वास दुवै बढेको छ । ग्राहकले घरमै बसेर मोबाइल एप प्रयोग गरी बैंक खाता खोल्ने, डिम्याट तथा 'मेरो सेयर' खाता खोल्ने र आवश्यक प्रक्रिया पूरा गर्न सक्ने अवस्था बनेको छ । डिजिटल पहुँच विस्तारसँगै शाखारहित बैंकिङ सेवाले पनि ग्राहकलाई सहजता दिएको छ । दुर्गम भौगोलिक अवस्थाका कारण बैंक शाखा स्थापना गर्न कठिन हुने हुम्लाजस्ता जिल्लामा यस्ता सेवा केन्द्रले गाउँस्तरमै खाता खोल्ने, रकम जम्मा-झिक्ने तथा आधारभूत बैंकिङ सेवा उपलब्ध गराइरहेका छन् ।

### शिक्षा र स्वास्थ्यमा डिजिटल फड्को

हुम्लामा केही वर्षअघिसम्म शिक्षा र स्वास्थ्य सेवा भौगोलिक विकटताका कारण अत्यन्तै चुनौतीपूर्ण मानिन्थ्यो । विद्यालयमा समयमै पाठ्यपुस्तक पुग्दैनथे, शिक्षक र विद्यार्थी सीमित शैक्षिक सामग्रीमै निर्भर रहन्थे । विशेषज्ञ चिकित्सकको अभावले सामान्य उपचारका लागि पनि सर्वसाधारणले नेपालगञ्ज, सुर्खेत वा काठमाडौंसम्म यात्रा गर्नुपर्ने अवस्था थियो तर पछिल्ला केही वर्षमा डिजिटल सञ्जालको विस्तारसँगै यी दुवै क्षेत्रमा उल्लेखनीय परिवर्तन देखिन थालेको छ ।

विश्वव्यापी कोभिड-१९ महामारीका बेला विद्यालयहरू लामो समय बन्द हुँदा परम्परागत शिक्षण प्रणाली अवरुद्ध भयो । त्यही समयमा इन्टरनेट पहुँच भएका विद्यालय र शिक्षकहरूले पहिलोपटक जुम, गुगल मिटलगायतका डिजिटल प्लेटफर्ममार्फत वैकल्पिक कक्षा सञ्चालन गर्न थाले । यसअघि कल्पनासमेत नगरिएको अनलाइन शिक्षण अभ्यासले विद्यार्थी र शिक्षकलाई नयाँ सिकाइ संस्कृतिसँग परिचित गरायो ।

महामारीपछि पनि डिजिटल प्रविधिको प्रयोग निरन्तर विस्तार हुँदै गएको छ । अहिले शिक्षक र विद्यार्थी अध्ययन-अध्यापनका लागि च्याटजिपिटी क्लाउड एआई, गुगल जेमिनीलगायत कृत्रिम बुद्धिमत्तामा आधारित डिजिटल उपकरणको प्रयोग गर्न थालेका छन् । अध्ययन सामग्री खोज्ने, पाठ योजना तयार गर्ने, प्रस्तुतीकरण बनाउने तथा गृहकार्यका लागि आवश्यक सन्दर्भसामग्री संकलन गर्ने कार्य पहिलेको तुलनामा धेरै सहज बनेको छ । विद्यार्थीले लोकसेवा आयोग, छात्रवृत्ति तथा अन्य शैक्षिक आवेदनहरू अनलाइनमार्फत भर्न थालेका छन् । पहिले सामान्य आवेदन दिन पनि जिल्ला सदरमुकाम पुग्नुपर्ने, समय र खर्च व्यहोर्नुपर्ने बाध्यता थियो । अहिले अधिकांश सेवा डिजिटल माध्यमबाट उपलब्ध हुन थालेपछि विद्यार्थीको समय र आर्थिक भार दुवै घटेको छ ।

केही वर्षअघिसम्म शिक्षकहरूले तलब बुझ्न, सञ्चय कोष तथा नागरिक लगानी कोषसम्बन्धी प्रक्रिया पूरा गर्न जिल्ला सदरमुकामस्थित बैंकसम्म पुग्नुपर्ने अवस्था थियो । अहिले तलब-भत्ता सीधै बैंक खातामा जम्मा हुने व्यवस्था भएपछि ती झण्झट हटेका छन् । पहिले विद्यार्थीको सम्पूर्ण विवरण हस्तलिखित रजिस्टरमा राखिन्थ्यो, लाब्धांकपत्र, परिचयपत्रलगायत सबै कागजी प्रक्रियाबाट तयार हुन्थे । अहिले इएमआइएस प्रणालीमार्फत विद्यार्थीको अभिलेख व्यवस्थापन, विवरण अद्यावधिक तथा प्रतिवेदन तयार गर्न सहज भएको छ । बालशिक्षाका विद्यार्थीका लागि स्मार्ट बोर्ड प्रयोग गरेर भिडियो सामग्रीमार्फत शिक्षण गरिन्छ ।

### टेलिमेडिसिनबाट बिरामी चेकजाँच

भौगोलिकरूपमा विकट हुम्लामा विशेषज्ञ चिकित्सकको अभाव त हुने नै भयो । सामान्य उपचारका लागिसमेत बिरामीले दिनौंको यात्रा गर्नुपर्ने अवस्था थियो । जटिल रोगको उपचारका लागि सुर्खेत, नेपालगञ्ज वा काठमाडौं पुग्नुपर्ने बाध्यताले धेरै परिवार आर्थिक र मानसिकरूपमा प्रभावित हुने गरेका थिए । अहिले जिल्ला अस्पताल हुम्लाबाट विशेषज्ञ चिकित्सकसहितको टेलिमेडिसिन सेवा सञ्चालन भइरहेको छ । यसले जिल्लामै बसेर विशेषज्ञ चिकित्सकको परामर्श प्राप्त गर्ने अवसर सिर्जना गरेको छ ।

विशेषज्ञ चिकित्सकसहितको टेलिमेडिसिन सेवा जिल्ला अस्पतालमा उपलब्ध भए पनि अन्य स्वास्थ्य संस्थाले टेलिफोन र भिडियो कलमार्फत चिकित्सकीय परामर्श प्रदान गरिरहेका छन् । विशेषज्ञ चिकित्सक तत्काल उपलब्ध नभएका अवस्थामा पनि डिजिटल माध्यमबाट चिकित्सकसँग परामर्श लिन सकिने व्यवस्था भएकाले बिरामीले छिटो उपचार सेवा पाउन थालेका छन् ।

### फेरियो सेवाप्रवाह शैली

संघीयताअघि नागरिकता सिफारिस, जन्मदर्ता, मृत्युदर्ता, विवाह दर्ता, बसाइँसराइ, सामाजिक सुरक्षाभत्ता तथा अन्य प्रशासनिक सेवाका लागि सेवाग्राहीले दिनौं लगाएर जिल्ला सदरमुकाम पुग्नुपर्ने अवस्था थियो । अहिले यस्ता अधिकांश सेवा स्थानीय तहका वडा कार्यालयबाटै डिजिटल प्रणालीमार्फत उपलब्ध हुन थालेका छन् । सामाजिक सुरक्षाभत्ता वितरण प्रणालीमा पनि डिजिटल प्रविधिको प्रयोग प्रभावकारी बनेको छ । लाभग्राहीको विवरण डिजिटल प्रणालीमा अद्यावधिक गरी रकम सीधै बैंक खातामा पठाउने व्यवस्था भएपछि भुक्तानी प्रक्रिया थप पारदर्शी बनेको छ । व्यक्तिगत घटना दर्ता पनि अब पूर्ण डिजिटल अभिलेखीकरण गरिएको छ । यसले अभिलेख हराउने, दोहोरिने वा विवरण खोज्न कठिन हुने समस्या हटाएको छ ।

छत्यालका अनुसार गाउँपालिका तथा वडा कार्यालयका सूचना अहिले सामाजिक सञ्जाल र डिजिटल माध्यममार्फत सार्वजनिक गरिने भएकाले नागरिकको सूचना पहुँच बढेको छ । अहिले अधिकांश सेवा वडा कार्यालयबाटै उपलब्ध हुन थालेपछि नागरिकको समय र खर्च दुवै बचत भएको छ । पहिले एउटा सिफारिस बनाउन पनि सदरमुकाम पुग्नुपर्थ्यो । अहिले आवश्यक विवरण कम्प्युटरमै उपलब्ध हुन्छ, धेरै कागजात बोकेर हिँड्नुपर्ने झण्झट हटेको छ ।

### 'डिजिटल कर्णाली'को अवधारणादेखि स्मार्ट सिटीसम्म

'डिजिटल कर्णाली', ई-गभर्नेन्स, डिजिटल शिक्षा तथा स्मार्ट सिटीजस्ता कार्यक्रममार्फत कर्णाली प्रदेशलाई प्रविधिमैत्री बनाउने नीति अवलम्बन गरिए पनि यसको प्रभाव हुम्लामा अपेक्षाअनुसार पुग्न भने अझै बाँकी रहेको देखिन्छ । प्रदेश सरकारले हरेक आर्थिक वर्ष सूचना तथा सञ्चार प्रविधिसम्बन्धी कार्यक्रमका लागि बजेट विनियोजन गर्दै आएको छ । यद्यपि अधिकांश बजेट शिक्षा, सामान्य प्रशासन वा भौतिक पूर्वाधारजस्ता व्यापक शीर्षकभित्र समेटिएकाले डिजिटल पूर्वाधारका लागि गरिएको वास्तविक लगानीको स्पष्ट चित्र प्राप्त गर्न कठिन छ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.** श्रम ईजाजत नं.५३५/०६१/०६२
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com

# हुथीलाई साउदीको एक अर्ब डलर प्रस्ताव

**तेल अभिव (इजरायल)–** साउदी अरेबियाले यमनका हुथी विद्रोहीसँग युद्धविराम कायम गर्न र आफ्नो देशमाथिका आक्रमण रोक्न इरानको मध्यस्थतामा भएको वार्ताका क्रममा एक अर्ब अमेरिकी डलर दिने प्रस्ताव गरेको इजरायली सञ्चारमाध्यमले जनाएका छन् । यद्यपि, रकम हस्तान्तरण भएको पुष्टि भएको छैन ।

रिपोर्टअनुसार साउदी रक्षामन्त्री राजकुमार खालिद बिन सलमान हुथीहरूसँग युद्धविरामबारे वार्ता गर्न तेहरान पुगेका थिए । एक कूटनीतिक स्रोतले उनी चढेको हर्क्युलस सैन्य विमानमा रकमसमेत ल्याइएको दाबी गरे पनि साउदी अधिकारीले यसको पुष्टि गरेका छैनन् ।

वार्तामा टर्कीका गुप्तचर प्रमुख इब्राहिम कालिन, पाकिस्तानी सेना प्रमुख फिल्ड मार्शल असीम मुनीर तथा इरानका राष्ट्रपति मसुद पेजेस्कियानसहित वरिष्ठ अधिकारीहरू सहभागी रहेको बताइएको छ । साउदी विमानस्थल र तेलसम्बन्धी संरचनामाथि बढ्दो आक्रमणले आर्थिक क्षति पुऱ्याइरहेका बेला इरानले साउदी अरेबिया र हुथीहरूबीच मध्यस्थता गर्ने प्रस्ताव गरेको हो । हर्मुज जलघाँटीमा टयांकरमाथि भएका इरानी आक्रमणले खाडी क्षेत्रबाट हुने तेल निर्यातसमेत प्रभावित भएको रिपोर्टमा उल्लेख छ ।

साउदी विदेश मन्त्रालयले आफ्नो रक्षामन्त्री तथा मक्का संयुक्त रक्षा गठबन्धनका प्रतिनिधिहरूको तेहरान भ्रमण तनाव घटाउने, संवाद र कूटनीतिक समाधानलाई प्रोत्साहन गर्ने तथा कतार र पाकिस्तानको मध्यस्थता प्रयासलाई समर्थन गर्ने उद्देश्यले भएको जनाएको छ ।

साउदी अधिकारीका अनुसार हुथीहरूसँगको विवाद तीन वर्षअघि भएको समझदारी कार्यान्वयनसँग पनि सम्बन्धित छ । उक्त समझदारीमा हुथी नियन्त्रित क्षेत्रमा सार्वजनिक कर्मचारीको तलब भुक्तानी र नागरिक पूर्वाधार पुनर्निर्माणका लागि साउदी अरेबियाले आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था थियो । बदलामा हुथीहरूले युद्धविराम कायम राख्ने र साउदीमाथिका आक्रमण रोक्ने अपेक्षा गरिएको थियो ।

हुथीहरूले पछिल्ला महिनामा साउदी अरेबियाले पुरानो समझदारी कार्यान्वयन नगरेको आरोप लगाउँदै आएका छन् । तर, साउदी पक्षले सैन्य दबाबमा नयाँ युद्धविराम स्वीकार्न र यमनको अन्तर्राष्ट्रिय मान्यताप्राप्त सरकारबाट कब्जा गरिएका क्षेत्र फिर्ता गर्नुअघि हुथीहरूलाई रकम दिन विरोध गरेको इजरायली सञ्चारमाध्यमले जनाएका छन् ।

इरान, अमेरिका र इजरायलबीच क्षेत्रीय तनाव बढिरहेका बेला भएको यो वार्तालाई तेहरानले आफ्नो क्षेत्रीय प्रभाव विस्तार गर्ने र नयाँ सुरक्षा संरचनाको पहल गर्ने प्रयासका रूपमा हेरिएको छ । पाकिस्तानी सेना प्रमुखको अघिल्लो साता भएको भ्रमणका क्रममा अघि बढाइएको यस पहललाई इरानी नेतृत्व र मक्का संयुक्त रक्षा गठबन्धनका प्रतिनिधिबीचको पहिलो औपचारिक बैठक भनिएको छ ।

अमेरिका र इजरायलको सैन्य हस्तक्षेपको विरोध गर्दै आएको इरानले आफूलाई क्षेत्रीय कूटनीतिक मध्यस्थकर्ताका रूपमा स्थापित गर्न खोजिरहेको रिपोर्टमा उल्लेख छ । तर, हुथीहरूलाई एक अर्ब डलर दिने प्रस्ताव र रकम तेहरान ल्याइएको दुवै दाबीको स्वतन्त्र पुष्टि भएको छैन । *रासस/एएनआई*

# एआई विस्तारसँगै झाङ चीनको सबैभन्दा धनी व्यक्ति

**बेइजिङ–** बाइटडान्सका संस्थापक झाङ यिमिङ कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा कम्पनीको विस्तारका कारण चीनका सबैभन्दा धनी व्यक्ति बनेका छन् । हुरुन रिसर्च इन्स्टिच्युटको नयाँ सूचीले प्रविधि क्षेत्रको सम्पत्ति बढ्दा उपभोक्ता बजार र घरजग्गा क्षेत्रका व्यवसायी भने दबाबमा रहेको देखाएको छ ।

हुरुनका अनुसार पाँच अर्ब युआनभन्दा बढी सम्पत्ति भएका चिनियाँको संख्या गत वर्षको तुलनामा ६.६ प्रतिशतले बढेर एक हजार ५२९ पुगेको छ । अमेरिकी डलरमा आधारित गणनाअनुसार अर्बपतिको संख्या पनि १५५ ले बढेर एक हजार १७६ पुगेको छ ।

हुरुनका अध्यक्ष रूपर्ट हुगेवर्फका अनुसार सूचीमा रहेका १६० जना अर्थात् करिब १० प्रतिशतले एआईबाट सम्पत्ति आर्जन गरेका छन् । बाइटडान्सको 'डुबाओ' चीनमा सबैभन्दा बढी प्रयोग हुने एआई सहायक बनेको छ । यही कम्पनी लोकप्रिय छोटो भिडियो मञ्च डुइन र टिकटकको पनि सञ्चालक हो ।

बोतलको पानीका व्यवसायी झोङ सानसानको सम्पत्ति २३ प्रतिशत घटेर ६१ अर्ब अमेरिकी डलरमा सीमित भएपछि उनी दोस्रो स्थानमा झरेका छन् । विद्युतीय सवारीसाधनका लागि ब्याट्री उत्पादन गर्ने विश्वकै ठूलो कम्पनीका प्रमुख रोबिन जेङ तेस्रो स्थानमा छन् । एआई कम्पनी डिपसिकका संस्थापक लियाङ वेनफेङ सातौं र एआई चिप निर्माता क्याम्ब्रिकनका अध्यक्ष चेन तियान्सी १०औं स्थानमा रहेका छन् ।

एआई, अर्धचालक र रोबोटिक्स क्षेत्रका उद्यमीको सम्पत्ति बढे पनि उपभोक्ता र घरजग्गा क्षेत्रका व्यवसायीको सम्पत्ति घटेको हुरुनले जनाएको छ । चिनियाँ विद्युतीय सामग्री निर्माता साओमीका अध्यक्ष लेइ जुनको सम्पत्ति आधा घटेर २५ अर्ब १० करोड अमेरिकी डलरमा झरेको छ । पहिलोपटक चीनको मुख्यभूमिमा आधारित कुनै पनि रियलस्टेट डेभलपर शीर्ष १०० धनीको सूचीमा परेका छैनन् ।

सरकारी सहयोगका कारण एआई र विद्युतीय सवारीसाधन उद्योग विस्तार भइरहेका बेला उपभोक्ताले खर्च घटाउँदा साना व्यवसाय प्रभावित भएका छन् । घरजग्गा बजारको लामो मन्दीले पनि आन्तरिक माग कमजोर बनाएको छ । *रासस/एपी*

# चक्रवात अर्नबको जोखिम, भारतमा उद्धार कार्य तीव्र



**नयाँदिल्ली–** भारतको आन्ध्र प्रदेशमा बुधबारसम्म शक्तिशाली चक्रवात अर्नबले तटीय क्षेत्रमा प्रहार गर्ने पूर्वानुमानपछि अधिकारीहरूले जोखिमयुक्त क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सार्न थालेका छन् । भारत मौसम विज्ञान विभाग (आइएमडी) ले चक्रवात तटमा पुग्दा प्रतिघण्टा १४० किलोमिटरसम्मको वेगमा हावा चल्न सक्ने जनाएको छ ।

विभागले मंगलबार जारी गरेको बुलेटिनमा अर्नबलाई 'अति गम्भीर चक्रवाती आँधी' का रूपमा तटमा प्रवेश गर्ने अनुमान गरेको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार आन्ध्र प्रदेशका अधिकारीहरूले तल्लो तथा बढी जोखिम भएका क्षेत्रबाट मानिसहरूलाई सुरक्षित स्थानमा जान निर्देशन दिएका छन् । केही जिल्लामा मंगलबारदेखि शनिबारसम्म सबै शैक्षिक संस्था बन्द गरिएको छ ।

राज्यका मुख्यमन्त्री नारा चन्द्रबाबु नायडूले आँधीको निरन्तर निगरानी गर्न र पूर्वसावधानी अपनाउन निर्देशन दिनुभएको उनको कार्यालयले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । द इण्डियन एक्सप्रेसका अनुसार सम्भावित जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने चार हजार ७०० भन्दा बढी गर्भवती महिलालाई अस्पतालमा सारिएको छ ।

भारतको मौसम विभागले चक्रवातका कारण कमजोर घरहरू पूर्णरूपमा भत्किन सक्ने, स्थानीय क्षेत्रमा बाढी आउन सक्ने तथा बिजुली र सञ्चारका खम्बा ढल्न सक्ने चेतावनी दिएको छ । आँधीले खेतमा लगाइएका बालीमा पनि व्यापक क्षति पुऱ्याउन सक्ने विभागको अनुमान छ ।

बंगालको खाडी र उत्तरी हिन्द महासागरमा चक्रवात नियमित जोखिमका रूपमा रहँदै आएका छन् । उत्तरी अटलान्टिकमा यस्ता आँधीलाई 'हरिकेन' र प्रशान्त महासागरमा 'टाइफुन' भनिन्छ । यसपटक एल निनो मौसमी घटनाले तापक्रम असाधारणरूपमा बढाएकाले आँधीको मौसम थप शक्तिशाली बनेको समाचारमा उल्लेख छ ।

यसैबीच, छिमेकी श्रीलंकामा पनि मुसलधारे वर्षाको चेतावनी जारी गरिएको छ । त्यहाँको मौसम विज्ञान विभागले आँधीका कारण आकस्मिक बाढी र पहिरो जान सक्ने जोखिम औंल्याउँदै विद्यालयहरू बन्द गरेको छ । कोलम्बोस्थित विपद् व्यवस्थापन केन्द्रका अनुसार सेनालाई पनि सतर्क अवस्थामा राखिएको छ । *रासस/एएफपी*

## हर्ब्स प्रशोधन (गुजरगानो र चुत्रो) उद्योग सञ्चालन कार्यको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनमाथि सार्वजनिक सूनुवाईको लागि आव्हान गरिएको सूचना

**प्रकाशित मितिः २०८३/०७/११ गते**

कोशी प्रदेश ओखलढुङ्गा जिल्ला, मानेभञ्जयाङ्ग गा.पा.-७ हर्कपुरमा हाओचेङ बायोटेक्नोलोजी प्रा.लि. मानेभञ्जयाङ्ग गा.पा.-७, हर्कपुरद्धारा हर्ब्स प्रशोधन (गुजरगानो र चुत्रो प्रशोधन) उद्योग सञ्चालन कार्यको प्रस्ताव गरिएको छ । वातावरण संरक्षण ऐन २०७६ अनुसार यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रासायनिक पक्ष, साँस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा पर्ने प्रभाव यकिन गर्न, तयार गर्न लागिएको प्रतिवेदन वारे राय सूझाव संलग्न गर्नुपर्ने भएकोले स्थानीय जनता, संघ संस्थाको प्रतिनिधीहरु तथा सरोकारवालाहरु र प्रस्तावक निकायको प्रतिनीधिहरुको वीच सार्वजनिक सूनुवाई कार्यक्रमको आयोजना गरिने भएकोले निम्न मिति, समय, स्थानमा सम्वन्धित सवै सरोकारवाला महानुभावहरुको सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समयः**
२०८३/०७/१८, बुधबार,
बिहान ११:३० बजे

**स्थानः**
हर्कपुर मा.वि. हर्कपुरको सभा हल
मानेभञ्जयाङ्ग गा.पा.-७, ओखलढुङ्गा

**आयोजकः** हाओचेङ बायोटेक्नोलोजी प्रा.लि. मानेभञ्जयाङ्ग गा.पा.-७, हर्कपुर कोशी प्रदेश, नेपाल, **इमेलः** marcussin2011 @gmail.com **फोन नः** 9813460023

**परामर्श दाताको नाम र ठेगाना :**
एकिकृत सिर्जनशील नेपाल कागेश्वरी मनोहरा-९
**इमेलः** iinepal2072@gmail.com.np **फोन नं.** 9844029000

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयको मिति २०७८/०५/२१ मा दर्ता भएको **चन्द्रमा ट्रेडिङ्ग प्राइभेट लिमिटेड (प्रा. लि. नं. २७०७७४)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## ७ (सात) दिने गोप्य सिलबन्दी पेश गर्ने बारे सूचना

**प्रकाशित मिति २०८३/०७/११ गते**

यस **अन्नपुर्ण माध्यमिक विद्यालय** ज्याठा काठमाडौं-२७ मा निम्न वमोजिमको सामाग्री खरिद गर्नु पर्ने भएको हुँदा इच्छुक फर्म, संस्था, कम्पनी वा विक्रेताहरूबाट के कति दरमा सामानहरू उपलब्ध गराउन सकिन्छ, यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन**भित्र **रितपूर्वक गोप्य सिलबन्दी** पेश गर्नहुन आव्हान गरिन्छ । डेक्स्टप कम्प्युटर ७ थान, स्मार्ट बोर्ड ३ थान, OPS कम्प्युटर ३ थान, ट्रली ३ थान र प्रिन्टर ३ थान सामानको विस्तृत जानकारीको लागि https://annapurna.edu.np/ तथा Annapurna School of Science & Management को Facebook Page हेर्नु होला ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७०/०७/१३ मा दर्ता भएको **प्रा. लि. नं. ११७०८९** को **जय बंगलामुखी कन्स्ट्रक्सन प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## साउदीमा रोजगार

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY.

पूर्व स्वीकृति मिति : २०८३/०६/०९ | LT. No. 349780 | चलानी नं. ६०२६२७८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SHELF ORGANIZER | 20 | 0 | 1200 | ४८,८७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक १७ गते (3rd Nov. 2026) मा हुनेछ ।

नोट : LT No. 349780 को विज्ञापन मिति २०८३ कात्तिक १० गते प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुटन गएकोले आज मिति २०८३ कात्तिक ११ गते (28th Oct. 2026) प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. १००९/०६८/६९

## साउदीमा रोजगार

कम्पनी : MOHAMMED AWAID AL-BATHILI CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८३/०७/१० | LT. No. 349809 | चलानी नं. ६०२६२८१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Heavy Equipment | 3 | 0 | 1800 | ७३,३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १८ गते (4th Oct. 2026) मा हुनेछ ।

नोट : यसै कम्पनीको लागि "क्रेन अपरेटर" आवश्यक परेको हुनाले सम्बन्धित व्यक्तिले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: (same as above)

**Gulf Asia Manpower Pvt.ltd.** गल्फ एसिया मेनपावर प्रा.लि.
A recruitment Company
(The arcade building no.36 2nd floor)Battishputli -09, Kathmandu, Nepal Hotline: +977- 9802340340, 9802340341, E-mail : cvgulfasia017@gmail.com, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255
Govt. License No. 1278/074/75

## युएइमा रोजगार

कम्पनी : REFRESH LADIES SPA

पूर्व स्वीकृति मिति : २०८३/०७/०९ | LT. No. 349695 | चलानी नं. ६०२६२८२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Masseurs | 0 | 2 | 1800 | ७४,७७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक १८ गते (4th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: (same as above)

**HR NEPAL SERVICES PVT. LTD.**
Chabahil 07, Kathmandu, Nepal., Tel: +977-01- 5910894
Mob: 9802343008, 9700699159 (Srija Osti), Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

## जापानमा रोजगार

कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१० | LT. No. 334208 | चलानी नं. ६०२४८०५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | 196775 | १,९०,३९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०७/२८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१० | LT. No. 333442 | चलानी नं. ६०२४७३५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Equipment | 1 | 0 | 213750 | २,०६,८२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ कात्तिक १८ गते (4th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: (same as above)

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
श्रम इजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu, Nepal, Phone: (+977) 4112800, Padam Mainali 9813534349, Email: inspireintemp@gmail.com


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०७८/१०/११ मा दर्ता भएको **शिक्षादिप कलेज प्राइभेट लिमिटेड (प्रा.लि. नं. २८२१९८)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०७५/१०/०२ मा दर्ता भएको **सेन्चुरी कलेज प्राइभेट लिमिटेड (प्रा.लि. नं. २०६७००)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना

यस कार्यालयमा मिति २०८१/०६/२० मा दर्ता भएको **स्किल स्क्वाड ग्रुप प्राइभेट लिमिटेड (प्रा.लि. नं. ३५३६०५)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**Birtamode Municipality**
**Office of The Municipal Executive**
**Birtamode, Jhapa**
**Koshi Province, Nepal**

## Invitation for Bids (06/083-

**Date of First Publication: 11th Kartik 2083 (28th October 2026)**

Birtamode Municipality invites sealed bids from Nepalese eligible bidders under Sealed Quotations (SQ) bidding procedure. Eligible Bidders may obtain further information from PPMO website www.ppmo.gov.np or Birtamode Municipality website www.birtamodmun.gov.np.

| S. N. | Contract ID. | Name of Project | Bid Document Fee (NRs.) | Estimated Amount (without VAT & Contingency but including PS) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bidding Procedure | Last date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BTMMUN/ GOODS/SQ-20/083-84 | Procurement of Medicines for Basic and Emergency Healthcare Services | 1000 | - | 1,15,000 | Minimum 30 Days beyond the Bid validity Period | Sealed Quotations Bidding Procedure | 2083/07/18 (04th November 2026) 12:00 PM | 2083/07/18 (04th November 2026) 01:00 PM |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २,८२,३०० | प्रति तोला – ० | प्रति तोला – ३,९७० |



**फूल खेती** | दाङको घोराही उपमहानगरपालिका–१४, झिँगौरास्थित लोकेन्द्र रोकामगरको बारीमा ढकमक्क फुलेका सयपत्री फूल । *तस्बिरः सुशीला ओली/रासस*

## भोटेकोशी बाढीबाट व्यावसाय र घरपरिवार गरी ७९ अर्बको क्षति

■ प्रभाव संवाददाता

**काठमाडौं–** रसुवाको भोटेकोशी बाढीका कारण घरपरिवार र व्यवसाय/प्रतिष्ठानतर्फ रु ७९ अर्ब १७ करोड बराबरको क्षति भएको छ । राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको घरपरिवार तथा प्रतिष्ठानसँग सम्बन्धित सर्वेक्षणको प्रारम्भिक विवरणमा घरपरिवारतर्फ रु ६९ अर्ब ५७ करोड र व्यवसाय/प्रतिष्ठानतर्फ रु नौ अर्ब ६० करोड बराबरको क्षति भएको उल्लेख छ ।

सर्वेक्षणअनुसार आर्थिक क्षतिसम्बन्धी प्रारम्भिक विवरणमा घर भएको जग्गा (आफ्नै स्वामित्वको) अन्तर्गत ५४ दशमलव ६५ हेक्टर क्षेत्रफलमा क्षति पुगेको छ । जसमा घडेरीमा भएको क्षति रु १३ अर्ब २६ करोड र घर निर्माण लागत रु ११ अर्ब ९५ करोडको छ । बाढीका कारण तीन हजार ६१० परिवारको स्वामित्वमा रहेको ५०७ दशमलव ९७ हेक्टर क्षेत्रफल जग्गा जमिन अर्थात रु ३५ अर्ब ४४ करोड बराबरको क्षति भएको छ । त्यसैगरी दुई हजार ९५१ परिवारको खेतबारीमा लगाएको बालीमा क्षति पुगेको छ । जुन रु २३ करोड २१ लाख क्षति हो ।

त्यसैगरी एक हजार ८७६ परिवारको भण्डारणमा रहेको खाद्यान्नमा क्षति पुग्दा रु १० करोड ४१ लाख बराबरको क्षति पुगेको छ । पशुपन्छीतर्फ एक हजार ११ परिवारले पालेको रु २१ करोड ४२ लाख बराबरका पशुपन्छी/माछामा क्षति भएको छ ।

आयोगका अनुसार सवारीसाधनतर्फ एक हजार ११५ परिवारको रु एक अर्ब २४ करोड बराबरको क्षति भएको छ । साथै बहूमूल्य, सांस्कृतिक तथा पुरातात्विक वस्तुतर्फ दुई हजार ३३० परिवारको रु पाँच अर्ब दुई लाख बराबरको क्षति भएको छ । बाढीका कारण स्थायी प्रकृतिका (टिकाउ हुने) घरायसी वस्तुमा पनि क्षति पुगेको छ । जसमा तीन हजार १८७ परिवारले रु एक अर्ब ४५ करोड बराबरको सम्पत्ति गुमाएका छन् । साथै अस्थायी प्रकृतिका (टिकाउ नहुने) घरायसी वस्तुमा पनि दुई हजार ७६९ परिवारले रु ६६ करोड ३५ लाख बराबरको क्षति बेहोरेका छन् ।

आयोगका अनुसार बाढीका कारण कूल छ हजार ८१७ परिवार, ३२ हजार ८७२ जना व्यक्ति, ४९९ प्रतिष्ठान प्रभावित भएका थिए । पूर्ण क्षति भएका आवासीय संरचनाको सफ्या दुई हजार ९८९ छ । प्रभावित घरपरिवारतर्फ धादिङमा ९४८, गोरखामा १०८, नुवाकोटमा तीन हजार ८४१ र सुवामा एक हजार ९२० सफ्या छ । साथै प्रतिष्ठानतर्फ धादिङमा १०४, गोरखामा १५, नुवाकोटमा ३२३ र रसुवामा ५७ वटा प्रभावित भएका छन् ।

सर्वेक्षणमा अनलाइन एप र ट्याब्लेटसहित कर्मचारी परिचालन गरिएको थियो । जसमा चार जिल्लाका १५ स्थायीय तहमा ५८ टोली र १५६ जनशक्ति परिचालन गरिएको थियो ।

## ‘सहकारीका समस्याबाट सरकार पन्छिदैन’

■ प्रभाव संवाददाता



**चितवन–** जिल्ला प्रशासन कार्यालय चितवनको सभाकक्षमा सोमबार सहकारी पीडितहरूले आफ्ना पीडा सुनाइरहेका थिए । यसका लागि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलसहित प्रतिनिधिसभा सदस्य, प्रमुख जिल्ला अधिकारीलगायत थिए ।

प्राध्यापन पेसाबाट निबृत्त भएका ८४ वर्षीय वृद्ध विष्णुप्रसाद सापकोटाले व्यवसायीक घर बिक्री गरेर छोराछोरीलाई केही रकम र बाँकी रकम रु दुई करोड ४० लाख शिवशिखर सहकारीमा बचतमा राखे । रु चार करोडमा घर बिक्री गरेर छोराछोरीलाई दिएको पैसा पनि उनीहरूले सोही सहकारीमा राखेका थिए । सहकारीले परिवारको रु तीन करोड ५० लाख भुक्तान नगरेको पीडा सुनाउँदा सुनाउँदै उनको आँसु आयो । उनले भने, ‘बुढेसकालमा दान दक्षिणा र धर्म कर्ममा समय बिताउँला भनेर घर बेचेँ मेरो सबै रकम सहकारीले खायो ।’ त्यस्तै-त्यस्तै पीडा त्यहाँ अन्यको पनि थियो ।

सडकमा मकै पोलेर बिक्री गर्नेदेखि अर्काको घरमा काम गर्नेसम्मले जम्मा गरेका रकम सहकारीले अपचलन गरेको उनीहरूले पीडा सुनाएका थियो । एक महिलाले १४ कट्ठा जग्गा बेचेर सनराईज सहकारीमा राखेकोमा फिर्ता नपाएको जनाउँदै गुनासो गरिन् । भरतपुर-१० का कृष्ण सुवेदीले अब निर्वाचनमा भोट हाल्नुअघि वचतकर्तालाई न्याय दिलाउन आग्रह गरे ।

सबैका गुनासा सुनेपछि मन्त्री रावलले सहकारी पीडितहरूको गुनासो सुनुवाइका लागि अदालत र प्रहरीमा छुट्टै डेक्स र बेन्च स्थापना गरिने बताइन् । सहकारी पीडितहरूको गुनासो सुनेपछि प्रहरीमा र मुद्दाको तदारूपताका लागि अदालतमा छुट्टै बेन्च खडा गर्न आफूले सर्वोच्च अदालतलाई अनुरोध गरेको उनले बताइन् ।

उनले भनिन्, ‘जहाँ-जहाँ सहकारीका मुद्दा छन् । त्यस्ता मुद्दाका चाप छन् त्यहाँ ‘स्पेशल डेक्स’ राखिदिनका लागि प्रधानन्यायाधीससँग छलफल भएको छ ।’ यसमा गृहकार्य भइरहेको उनको भनाइ थियो । सहकारीको वचतकर्ताको रकम फिर्ताका लागि सञ्चालकले विदेशमा लगानी गरिराखेको भए पनि फिर्ता ल्याउनका लागि त्यसअनुसारको कानुन निर्माण र सम्बन्धित निकायसँग समन्वय गर्ने कामहरू भइरहेको उनले बताइन् ।

सहकारी पीडित वचतकर्ताको समस्या आजदेखि सुरु नभएको भन्दै उनले पीडितलाई न्याय दिने पक्षमा सरकारले काम गरेको बताइन् । सहकारी अहिलेको अवस्थामा आउनु तत्कालीन समयका सरकारसमेत दोषी रहेको उनको भनाइ छ । उनले भनिन्, ‘तत्कालीन सरकारका कमीकमजोरीले सहकारीको अवस्था यहाँसम्म पुगेको हो । तर अहिलेको सरकार पनि समस्याबाट पन्छिन पाउँदैन र पन्छिदैनौं ।’

मन्त्रालयले मात्रै नभई अन्य निकायसँग समेत समन्वय गरेर अघि बढ्नुपर्ने भएकाले केही ढिला भए पनि वचतकर्ताको पैसा फिर्ता गर्न आफू र मन्त्रालयले काम गरिरहेको उनको भनाइ थियो ।

## सामान्य बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार झिनो अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक शून्य दशमलव ९४ अंकले बढेर दुई हजार ६३० दशमलव ७६ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ३० अंकले घटेर ४७५ दशमलव ४७ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव १० अंकले घटेर १८२ दशमलव ११ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव २६ अंकले घटेर १६० दशमलव ६९ मा पुगेको छ । विभिन्न कम्पनीका एक करोड ५३ लाख ४६ हजार २२६ कित्ता सेयर रु पाँच अर्ब ७९ करोड ९३ लाख ३० हजार २०३ मूल्यमा खरिद बिक्री भएको छ ।

## मुस्ताङको स्याउ सोचेजति बिक्री हुन कठिन

**मुस्ताङ–** व्यापारीले केही महिनादेखि मुस्ताङको स्याउ सोचेजति बिक्री गर्न सकेका छैनन् । पूर्वमा बेनी-जोमसोम सडकमार्ग अवरुद्ध भएपछि समय सीमाभित्र स्याउ बजार पठाउन नसकेका कारण सोचेअनुसार स्याउ बिक्री हुन नसकेको हो ।

केही महिनादेखि पोखरा/काठमाडौं लगायतका फलफूल बिक्रेताको गोदाममा मुस्ताङको स्याउ थुप्रिएका छन् । स्याउ खपत हुने मुख्य समयमा सडक अवरुद्ध भएकाले मुस्ताङको स्याउ जिल्लामै रोकिएको थियो । घटनस्थापनाको दुई दिनअघि मात्रै बेनी-जोमसोम सडकमार्ग सञ्चालन भएको थियो ।

दसैंको अन्तिम समयमा सडक सञ्चालन भएसँगै मुस्ताङको स्याउ एकैसाथ बजार पुर्याउँदा व्यापारीलाई स्याउ बिक्री गर्न समस्या परेको हो । मुस्ताङमा स्याउको व्यापार गर्दै आइरहेका धादिङ खनियाबाँस गाउँपालिका-३ का व्यापारी राजु तामाङ यसपटक भने स्याउ नबिकेर तनाबमा परेको बताउँछन् । उनले मुस्ताङबाट एक करोड बढी मूल्यको स्याउ खरिद गरिएको भए पनि हालसम्म आधा मात्रै बिक्री भएको छ भने ।

‘स्याउ किसानलाई पैसा बुझाइयो, यता स्याउ नबिकेर तनाबमा परेको छु’, व्यापारी तामाङ भन्छन्, ‘खै लगानी कसरी उठाउने हो, दसैं पनि स्याउ बिक्री नहुँदा राम्ररी मनाउन सकिएन ।’ मुस्ताङको स्याउ एकैपटक बजारमा ल्याउनुपर्दा गोदाम र मन्डी भरिएकाले स्याउको खपत हुन नसकेको हो । मुस्ताङमा यसवर्ष स्याउको उत्पादन राम्रो भएपनि बेनी-जोमसोम सडक अवरुद्ध हुँदा यहाँको स्याउ बजारमा बिक्री हुन कठिन भएको हो । यसवर्ष मुस्ताङमा १० हजार मेट्रिकटन स्याउ उत्पादन हुने प्रक्षेपण गरिएको छ ।

विगतमा असोज अगावै मुस्ताङका स्याउ बिक्री भइसक्थ्यो । यसपाला सडक अवरुद्ध भएकाले मुस्ताङको स्याउ एकैसाथ बजार पुग्दा मूल्य र बिक्रीमा ह्रास आएको हो ।

> ‘स्याउ खपत हुने मुख्य समयमा सडक अवरुद्ध भएकाले मुस्ताङको स्याउ जिल्लामै रोकिएको थियो । घटनस्थापनाको दुई दिनअघि मात्रै बेनी-जोमसोम सडकमार्ग सञ्चालन भएको थियो ।

यसवर्ष ७०० मेट्रिकटन स्याउ उत्पादन गर्ने लक्ष्य राखेका चिम्ले अचार्ड कृषि फार्मका सञ्चालक गुरुङले असोज महिनाभित्र सबै स्याउ बिक्री भइसक्नुपर्नेमा आधा मात्रै स्याउ बिक्री गरेको बताउँछन् ।

‘दसैंसम्म आधा स्याउ मात्रै बिक्री भएको छ, ४० प्रतिशत स्याउ टिपाइ हुन बाँकी छ’, किसान गुरुङले भने, ‘स्याउ खपत हुन नसक्दा बढी पाकेर स्याउ बोटबाटै झरेर नष्ट भइरहेको छ, ४०० टन जति स्याउ कोल्ड स्टोरमा राखेको छु ।’

गतवर्ष स्याउको बिक्री तथा व्यवस्थापन राम्रो भए पनि यसपाला स्याउ खपत हुने सिजन सकिन लागेकाले चिन्ता बढेको उनले बताए । यसवर्ष छिटो पाक्ने स्याउ भदौ १२ र ढिलो पाक्ने स्याउ भदौ २२ गतेबाट टिपाइ गर्न पाउने जिल्लास्तरीय निर्णय गरिएको थियो ।

सोही निर्णयअनुसार हरितालिका तीज पर्वको अवसरमा २० प्रतिशत स्याउ बजार पठाउन सकिएको थियो । कृषि तथा पशु विकास कार्यालय मुस्ताङले हालसम्म ५० प्रतिशत स्याउ पोखरा-काठमाडौं लगायतका सहरमा निकासी भएको जनाएको छ ।

कृषि तथा पशु विकास कार्यालय प्रमुख डा लालमणि अर्यालका अनुसार यसवर्ष सडक अवरुद्धका कारण मुस्ताङको स्याउलाई बजारीकरण गर्नमा केही समस्या परेको बताए । बगैंचामा करिब ४० प्रतिशत स्याउ टिप्न बाँकी छ । *रासस*

## सौराहामा पर्यटकको चहलपहल बढ्यो




**नारायणगढ–** पछिल्लो समय सौराहाको पर्यटन व्यवसायमा चहलपहल बढेको छ । बाढीपहिरो र सडक अवरुद्धका कारण केही महिना व्यवसायमा असर पुगेको थियो । दस बिदा र अनुकूल मौसमका कारण सौराहामा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको हो । दसैंको आरम्भका दिनमा अपेक्षाअनुसार आन्तरिक पर्यटक नआए पनि क्रमशः पर्यटकको आगमन उल्लेख्य बढेको छ । पर्यटकको आगमन बढेसँगै यहाँका होटल, रेस्टुरेन्ट तथा अन्य पर्यटन व्यवसायमा समेत उत्साह थपिएको व्यवसायीले बताएका छन् ।

सौराहामा पर्यटन व्यवसाय गर्दै आउनुभएका गोकर्ण गिरीले पछिल्ला दिनमा पर्यटकको चहलपहल बढेसँगै व्यवसायी उत्साहित भएको बताए । पर्यटकको आगमन बढेपछि होटल तथा अन्य पर्यटन व्यवसायमा व्यस्तता बढेको उनको भनाइ छ । उनले भने, ‘अहिले सौराहामा रहेका पर्यटन व्यवसायी सबै खुसी छन् । कोही सपिङ गर्न गएका छन्, कोही जंगल गएका छन्, कोही घुमफिरमा गएका छन् । सबैतिर चहलपहल र दौडधुप देखिन्छ ।’

पर्यटकको आगमनले व्यवसायीको मुहारमा खुसी फर्किएको उल्लेख गर्दै उनले पछिल्लो समय पाहुनाको चाप बढेको बताए ।

सौराहास्थित वाटिका रिसोर्टका व्यवस्थापक लव सापकोटाले पनि दसैंका समयमा विशेषगरी आन्तरिक पर्यटकको आगमन बढेको बताए । पाहुनाको संख्या बढेसँगै कोठा व्यवस्थापन र बुकिङ मिलाउन केही दिनअघिदेखि नै व्यस्तता बढेको उनले जानकारी दिए ।

उनका अनुसार रिसोर्टमा रहेका सबै कोठा पछिल्ला दुई-तीन दिनदेखि भरिएका छन् । चाडपर्वका समयमा नेपाली पर्यटकको संख्या बढी देखिएको उनले बताए । उनले भने, ‘पाहुनालाई कोठा पुऱ्याउन निकै मुस्किल भइरहेको छ । व्यवस्थापनमा व्यस्तता बढेको छ । अहिले नेपाली पर्यटक नै बढी देखिन्छन् ।’

पर्यटन व्यवसायी ऋषि तिवारीले गत वर्षको तुलनामा यसपटक दसैंको टीकापछिको समयमा पर्यटकको आगमन राम्रो रहेको बताए । सार्वजनिक बिदा र चाडपर्वका कारण सौराहामा पर्यटकको चहलपहल बढेको उनको भनाइ छ ।

उनले सौराहा भ्रमणमा आउने पर्यटकका लागि जीप सफारी, हात्ती सफारी, राप्ती नदीमा डुंगा सयर तथा थारू सांस्कृतिक नाचलगायतका गतिविधि प्रमुख आकर्षण रहेको बताए । अहिलेको मौसम सौराहा भ्रमणका लागि अनुकूल रहेको उल्लेख गर्दै उनले स्वदेशी तथा विदेशी पर्यटकलाई यहाँ आउन आग्रह गरे ।

सौराहाबाट चितवन राष्ट्रिय निकुञ्जभित्र जंगल सफारीका लागि जीप सञ्चालनमा रहेका छन् । राप्ती नदीमा डुंगा सयर तथा हात्ती सफारीको व्यवस्था छ । डुंगा सयरका क्रममा नदीका विभिन्न जलचर तथा चराचुरुंगी अवलोकन गर्न सकिन्छ । पर्यटकको मागअनुसार हात्ती सफारीलगायतका सेवा उपलब्ध गराइने तिवारीले बताए । उनले भने, ‘यसपटक मेरो अनुभवमा गत वर्षको भन्दा पनि राम्रोसँग पाहुनाहरू सौराहा आउने क्रम बढेको छ ।’ यसले पर्यटन व्यवसायीलाई ठूलो राहत र नयाँ उत्साह दिएको उनको भनाइ छ ।

क्षेत्रीय होटल संघ नेपाल, चितवनका पूर्वअध्यक्ष सुमन घिमिरेले दसैंको बिदाका समयमा सौराहालगायतका पर्यटकीय क्षेत्रमा पर्यटकको आगमन बढेको बताए । उनका अनुसार यसपटक आन्तरिकसँगै बाह्य पर्यटकको संख्या बढेको छ । उनले भने, ‘हामीलाई उत्साह थपेको छ । हिजो, आज सौराहालगायत विभिन्न पर्यटकीय क्षेत्रमा पर्यटकको संख्या राम्रो पाएका छौं ।’

भोटेकोशीमा आएको बाढीलगायतका प्राकृतिक विपत्तिका कारण पर्यटनको मुख्य सिजन सुरु हुन करिब एक महिना ढिलाइ भएको उनले बताए । बाढीपहिरो र सडकको अवस्थाका कारण पर्यटकका बुकिङ प्रभावित भए पनि पछिल्लो समय आगमन बढ्न थालेको उनको भनाइ छ । सौराहा चितवन राष्ट्रिय निकुञ्जको प्रमुख प्रवेशद्वारमध्ये एक हो । निकुञ्ज र आसपासका मध्यवर्ती सामुदायिक वनमा घुम्न आउने पर्यटकको प्रमुख बसाइस्थलका रूपमा सौराहा परिचित छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ